## चीन अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारिक मध्यस्थता आयोग (सिटाक) को मध्यस्थता सम्बन्धी नियमहरु

(चीन अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन काउन्सिल/चीन अन्तराष्ट्रिय वाणिज्य चेम्बरले २०७१ साल कार्तिक महिनाको १८ गते (तदनुसार ४ नोभेम्बर २०१४) मा परिमार्जन गरी पारित गरेको। मिति २०७१ साल पौष महिना १७ गते (तदनुसार १ जनवरी २०१५) देखि लागु हुने)

परिच्छेद १ सामान्य प्रावधानहरु

धारा १ मध्यस्थता आयोग (The Arbitration Commission)

१. चीन अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारिक मध्यस्थता आयोग (सिटाक), प्रारम्भमा चीनको अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन काउन्सिलको विदेशी व्यापार मध्यस्थता आयोग भनिएको र पछि नाम परिवर्तन गरी चीनको अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन काउन्सिलको विदेशी आर्थिक तथा व्यापारिक मध्यस्थता आयोग भनिएकोले एकैसाथ यसको नामका रुपमा "चीनको अन्तराष्ट्रिय वाणिज्य चेम्बरको मध्यस्थता संस्था" भनी प्रयोग गर्दछ।

२. मध्यस्थता सम्झौताले चीन अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन काउन्सिल/ चीन अन्तराष्ट्रिय वाणिज्य चेम्बर वा चीन अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन काउन्सिल/ चीन अन्तराष्ट्रिय वाणिज्य चेम्बरको मध्यस्थता आयोग वा मध्यस्थता संस्था वा सिटाकको साविकको नाम उल्लेख गरी सो बमोजिम मध्यस्थता हुने भन्ने व्यवस्था गरेको भए पक्षहरुले सिटाक बमोजिम मध्यस्थता गर्न सहमति जनाएको मानिनेछ ।

धारा २ संरचना र कर्तव्यहरु

१. सिटाकको अध्यक्षले यी नियमहरुले व्यवस्था गरेबमोजिमको काम र कर्तव्यहरु गर्नेछ भने उपाध्यक्षले अध्यक्षको अख्तियारीमा अध्यक्षले गर्ने काम र कर्तव्यहरू गर्न सक्नेछ।

२. सिटाकमा एक मध्यस्थता अदालत ("मध्यस्थता अदालत") रहन्छ जसले यी नियमहरु बमोजिम अख्तियारप्राप्त उपाध्यक्ष तथा मध्यस्थता अदालतको अध्यक्षको निर्देशनमा आफ्ना कार्यहरु गर्दछ।

३. सिटाक बेइजिङमा रहेको छ । यसका उप-आयोग र मध्यस्थता केन्द्रहरु छन् (परिशिष्ट १) । उक्त उप-आयोग/मध्यस्थता केन्द्रहरु सिटाकका शाखाहरु हुन् जसले मध्यस्थताका लागी पेश भएका आवेदनहरु स्वीकार गर्ने तथा सिटाकको अख्तियारीमा मध्यस्थताका लागि पेश भएका विवादहरु  को व्यवस्थापन गर्ने गर्दछ ।

४. उप-आयोग/मध्यस्थता केन्द्रमा एक मध्यस्थता अदालत रहन्छ जसले यी नियमहरु बमोजिम उप-आयोग/मध्यस्थता केन्द्रको मध्यस्थता अदालतको अध्यक्षको निर्देशनमा मध्यस्थता अदालतको कार्यहरु गर्दछ ।

५. उप-आयोग/मध्यस्थता केन्द्रले विवादको व्यवस्थापन गर्दा यी नियमहरु बमोजिम मध्यस्थता अदालतको अध्यक्षलाई सुम्पिएको काम र कर्तव्यहरु त्यस्तो अध्यक्षको अख्तियारीमा सम्बन्धित उप-आयोग/मध्यस्थता केन्द्रको मध्यस्थता अदालतको अध्यक्षले गर्न सक्नेछ।

६. पक्षहरुले आफ्ना विवादहरु सिटाक वा सिटाकको उप-आयोग/मध्यस्थता केन्द्रमा मध्यस्थताको लागि पेश गर्न सहमति जनाउन सक्दछन् । पक्षहरुले सिटाकमार्फत मध्यस्थता गर्न सहमति गरेमा मध्यस्थता अदालतले मध्यस्थताको आवेदन स्वीकार गरी विवादको व्यवस्थापन गर्नेछ । पक्षहरुले उप-आयोग/मध्यस्थता केन्द्रबाट मध्यस्थता गर्न सहमति गरेमा उप-आयोग/मध्यस्थता केन्द्रको मध्यस्थता अदालतले मध्यस्थताको आवेदन स्वीकार गरी विवादको व्यवस्थापन गर्नेछ। पक्षहरुले उप-आयोग/मध्यस्थता केन्द्रमार्फत मध्यस्थता गर्न सहमति गरेकोमा त्यस्तो उप-आयोग/मध्यस्थता केन्द्र अस्तित्वमा नरहेमा वा सोको अख्तियारी समाप्त भएमा अथवा सम्झौता अस्पष्ट भएमा, मध्यस्थता अदालतले मध्यस्थताको आवेदन स्वीकार गरी विवादको व्यवस्थापन गर्नेछ । कुनै पनि विवाद उत्पन्न भएमा सिटाकले निर्णय गर्नेछ ।

धारा ३ क्षेत्राधिकार

१. सिटाकले पक्षहरुबीच भएको सम्झौताको आधारमा आर्थिक, व्यापारिक तथा अन्य करारिय वा गैर-करारिय प्रकृतिका विवादहरु स्वीकार गर्दछ ।

२. माथि उल्लेख गरिएका विवादहरुमा निम्न विवादहरु पर्दछन्:

(क) अन्तर्राष्ट्रिय वा विदेशसंग सम्बन्धित विवादहरु;

(ख) हङ कङ विशेष प्रशासनिक क्षेत्र (Special Administrative Region) , मकाउ विशेष प्रशासनिक क्षेत्र र ताइवान क्षेत्रका विवादहरु;

(ग) आन्तरिक विवादहरु ।

धारा ४ लागु हुने क्षेत्र

१. यी नियमहरु सिटाक र यसका उप-आयोग/मध्यस्थता केन्द्रहरुमा समान रुपमा लागु हुनेछन् ।

२. पक्षहरुले निजहरुका विवाद मध्यस्थताका लागि सिटाक समक्ष प्रस्तुत गर्ने सहमति गरेमा, निजहरुले यी नियमहरु बमोजिम मध्यस्थता गर्न सहमति गरेको मानिनेछ ।

३. पक्षहरुले निजहरुबीचको विवाद मध्यस्थताका लागि सिटाक समक्ष पेश गर्ने सहमति गरेको तर यी नियमहरुको परिमार्जन गरेको वा अन्य मध्यस्थता नियमहरु लागु हुने सहमति गरेको भएमा, पक्षहरुबीचको त्यस्तो सम्झौता निष्क्रिय भएको वा मध्यस्थता प्रक्रियालाई नियमन गर्ने कानुनको बाध्यात्मक प्रावधानसंग बाझिन जाने अवस्थामा बाहेक पक्षहरुबीचको सम्झौता बमोजिम हुनेछ । पक्षहरुले अन्य मध्यस्थता नियमहरु लागु हुने सहमति गरेको भएमा सिटाकले सम्बन्धित प्रशासनिक कार्यहरु गर्नेछ।

४. मध्यस्थता संस्थाको नाम उल्लेख नगरीकन पक्षहरुले निजहरुबीचको विवाद मध्यस्थताका लागि यि नियमहरु बमोजिम पेश गर्ने सहमति गरेको भएमा त्यस्तो विवाद सिटाक मार्फत मध्यस्थता गराउन सहमति गरेको मानिनेछ ।

५. कुनै खास व्यापार वा व्यवसायका लागि लागु हुने सिटाकको परिवर्तित नियम बमोजिम पक्षहरुले निजहरु बीचको विवाद मध्यस्थता गर्न सहमत गरेको भएमा पक्षहरुबीचको सम्झौता

बमोजिम हुनेछ । तर, त्यस्तो विवाद त्यस्ता खास नियमहरुको क्षेत्रभन्दा बाहिर पर्ने भएमा यी नियमहरु लागू हुनेछन् ।

धारा ५ : मध्यस्थता सम्झौता

१. मध्यस्थता सम्झौता भन्नाले कुनै सम्झौताको मध्यस्थता सम्बन्धी दफा वा मध्यस्थताबाट विवाद समाधान गर्नका लागि पक्षहरुबीच सम्पन्न भएको अन्य कुनै पनि प्रकारको लिखित सम्झौतालाई बुझाउँदछ।

२. मध्यस्थता सम्झौता लिखित रुपमा हुनेछ । मध्यस्थता सम्झौता करार, पत्र, टेलिग्राम, टेलेक्स, फ्याक्स, इलक्ट्रोनिक डाटा इन्टरचेन्ज वा ईमेल जस्ता मुर्तरुपमा भएको भए त्यस्तो सम्झौता लिखित रुपमा भएको मानिनेछ। मध्यस्थताको लागि अनुरोध तथा प्रतिवाद पेश गर्ने क्रममा एक पक्षले मध्यस्थता सम्झौताको अस्तित्वलाई दाबी गरेको र अर्को पक्षले सोलाई अस्वीकार नगरेको अवस्थामा मध्यस्थता सम्झौता अस्तित्वमा रहेको मानिनेछ ।

३. मध्यस्थता सम्झौतामा लागु हुने कानूनमा मध्यस्थता सम्झौताको ढाँचा र वैधताका सम्बन्धमा फरक प्रावधानहरु भएको अवस्थामा त्यस्ता प्रावधानहरु बमोजिम हुनेछ ।

४. करारमा भएको मध्यस्थता सम्बन्धी दफालाई करारका अन्य सबै दफाहरुभन्दा अलग र स्वतन्त्र  दफाको रुपमा मानिनेछ र करारका साथ संलग्न गरिएको मध्यस्थता सम्झौतालाई करारका अन्य सबै दफाहरु भन्दा अलग र स्वतन्त्र मानिनेछ। करारको परिमार्जन भएको, रद्द भएको, अन्त्य भएको, हस्तान्तरण भएको, अवधि समाप्त भएको, वैधता नभएको, प्रभावकारिता नभएको, खारेजी भएको वा अस्तित्वमा नरहेको कारणले मध्यस्थता सम्बन्धी प्रावधान वा मध्यस्थता सम्झौताको प्रभावकारीतालाई असर पार्नेछैन।

धारा ६ मध्यस्थता सम्झौता र/वा क्षेत्राधिकार नभएको जिकिर

१. मध्यस्थता सम्झौताको अस्तित्व र वैधता तथा मध्यस्थताका लागि प्रस्तुत विवादमा सिटाकको क्षेत्रधिकार रहे, नरहेको कुरा निर्धारण गर्ने अधिकार सिटाकमा रहनेछ। आवश्यक परेका बखत सिटाकले आफ्नो यस्तो अधिकार मध्यस्थता ट्राइबुनलमा प्रत्यायोजन गर्न सक्दछ ।

२. मध्यस्थता सम्झौता वैध रहेको कुरा प्रथम दृष्टिमा प्राप्त प्रमाणबाट सन्तुष्ट भएमा, सिटाकले त्यस्तो प्रमाणको आधारमा मध्यस्थताका लागि प्रस्तुत विवादमा यसको क्षेत्राधिकार रहेको भनी निर्धारण गर्न सक्नेछ र मध्यस्थताको कारवाही अगाडि बढ्नेछ । यस्तो निर्णयले मध्यस्थताको काम कारवाहीका सिलसिलामा मध्यस्थता ट्राइबुनलले फेला पारेका प्रथम दृष्टिमा प्राप्त प्रमाणसंग असंगत हुने खालका तथ्य र/वा प्रमाणहरुको आधारमा पछि नयाँ निर्णय लिनलाई सिटाकलाई वाधा पर्ने छैन।

३. सिटाकले क्षेत्राधिकार निर्धारण गर्ने अधिकार मध्यस्थता ट्राइबुनललाई प्रत्यायोजन गरेको अवस्थामा मध्यस्थता ट्राइबुनलले मध्यस्थताको कारवाहीका बखत क्षेत्राधिकारका सम्बन्धमा छुट्टै निर्णय गर्न वा मध्यस्थको अन्तिम निर्णय (final award) मा त्यस्तो निर्णयलाई समावेश गर्न सक्नेछ।

४. मध्यस्थता सम्झौता र/वा मध्यस्थता गर्नुपर्ने विवादमा क्षेत्राधिकार नभएका कुराको जिकिर लिंदा मध्यस्थता ट्राइबुनलको पहिलो मौखिक सुनुवाई हुँदाका बखत लिखित रुपमा गर्नुपर्नेछ। कागजातका आधारमा मात्र निर्णय गर्नुपर्ने विवादको हकमा पहिलो सारभूत प्रतिवाद पेश गर्नुपुर्व नै त्यस्तो जिकिर लिनुपर्दछ ।

५. मध्यस्थता सम्झौता र/वा मध्यस्थताको विवादमा क्षेत्राधिकार नभएका जिकिर गरेको भएतापनि मध्यस्थताको कारवाही अगाडि बढ्नेछ।

६. माथि उल्लेख भए बमोजिम क्षेत्राधिकार उपरका जिकिरमा र/वा सो सम्बन्धमा सिटाकको निर्णयमा मध्यस्थतामा भाग लिन पाउने वा नपाउने सम्बन्धमा पक्षको अधिकार सम्बन्धमा पनि जिकिर लिन र/वा सो सम्बन्धमा सिटाकले निर्णय गर्न सक्नेछ ।

७. मध्यस्थताका लागि प्रस्तुत विवादमा सिटाकको क्षेत्राधिकार नरहेको पाइएमा, सिटाक वा यसको अख्तियारप्राप्त मध्यस्थता ट्राइबुनलले त्यस्तो विवाद खारेज गर्ने निर्णय गर्नेछ । मध्यस्थता ट्राइबुनल गठन गर्नु अघि नै विवाद खारेज गर्नुपरेमा मध्यस्थता अदालतको अध्यक्षले

निर्णय गर्नेछ। मध्यस्थता ट्राइबुनलको गठन भइसकेपछि विवाद खारेज गर्नुपर्ने भएमा मध्यस्थता ट्राइबुनलले त्यस्तो निर्णय गर्नेछ ।

धारा ७ मध्यस्थताको स्थान

१. मध्यस्थताको स्थानका सम्बन्धमा पक्षहरूबीच सहमति भएको भए, पक्षहरु बीचको सम्झौता बमोजिम हुनेछ ।

२. मध्यस्थताको स्थानका सम्बन्धमा पक्षहरूबीच सहमति नभएको वा पक्षहरूबीचको सम्झौता अस्पष्ट भएको अवस्थामा मध्यस्थताको स्थान सिटाक वा यसको विवाद व्यवस्थापन गर्ने उप–आयोग/मध्यस्थता केन्द्रको रहेको स्थान नै मध्यस्थताको स्थान हुनेछ । विवादसँग सम्बन्धित परिस्थितिलाई ध्यानमा राखी सिटाक आफैले कुनै अर्को स्थानलाई मध्यस्थताको स्थानको रुपमा तोक्न सक्नेछ ।

३. मध्यस्थको निर्णय मध्यस्थताको स्थानमा भएको मानिनेछ ।

धारा ८ कागजातहरु उपलब्ध गराउने र समय अवधि

१. मध्यस्थतासगँ सम्बन्धित सम्पूर्ण कागजात, सूचना र लिखित सामग्रीहरू व्यक्तिगत रुपमा वा रजिस्टर्ड मेल वा एक्सप्रेस मेल, फ्याक्स वा मध्यस्थता अदालत वा मध्यस्थता ट्राइबुनलले उचित ठानेको अन्य कुनै माध्यमबाट उपलब्ध गराउन सकिनेछ।

२. माथि खण्ड १ मा उल्लेख भए बमोजिमको मध्यस्थतासंग सम्बन्धी कागजातहरू पक्ष आफैले वा यसका प्रतिनिधि(हरू)ले उपलब्ध गराएको ठेगाना वा पक्षहरूबीच सहमति भएको ठेगानामा पठाइनेछ । कुनै पक्ष वा त्यस्तो पक्षको प्रतिनिधि(हरू)ले ठेगाना उपलब्ध नगराएको वा पक्षहरूबीच ठेगानाका सम्बन्धमा सहमति नभएको अवस्थामा अर्को पक्ष वा यसका प्रतिनिधि(हरू)ले उपलब्ध गराएको त्यस्तो पक्षको ठेगानामा त्यस्तो मध्यस्थता सम्बन्धी कागजातहरु पठाइनेछ ।

३. मध्यस्थताको पक्ष वा यसका प्रतिनिधि(हरू)लाई कुनै मध्यस्थता सम्बन्धी पत्राचार गर्दा त्यस्तो पत्राचार प्रापकलाई बुझाएमा वा प्रापकको व्यवसायको स्थान, दर्ता भएको स्थान, स्थायी आवास (domicile) रहेको स्थान, सामान्य बसोबास रहेको स्थान (habitual residence) वा पत्राचारको ठेगाना (mailing address) मा पठाएमा वा अर्को पक्षले मनासिव खोजि गर्दा समेत उल्लेखित मध्ये कुनै ठेगाना पत्ता नलागेको अवस्थामा मध्यस्थता अदालतले आफुलाई जानकारी भएको प्रापकको सवैभन्दा पछिल्लो व्यवसायको स्थान, दर्ता भएको स्थान, स्थायी आवास रहेको स्थान, सामान्य बसोबास रहेको स्थान वा पत्राचारको ठेगानामा रजिष्टर्ड वा एक्सप्रेस मेल वा पत्राचारको प्रयासको अभिलेख राख्न  सकिने पब्लिक नोटरी, इन्ट्रस्टमेन्ट वा रिटेन्सन लगायतका तर यतिमा मात्र सिमित नहुने अन्य कुनै माध्यम मार्फत त्यस्तो मध्यस्थताको पत्राचार पठाएमा पक्षहरुलाई रितपुर्वक पत्राचार गरेको मानिनेछ।

४. पक्षले मध्यस्थता पत्राचार, सूचना वा मध्यस्थता अदालतबाट पठाइएको लिखित सामाग्री प्राप्त गरेको वा गर्नु पर्ने दिनको भोलिपल्ट देखि यी नियमहरुमा तोकिएको समयावधि सुरु हुनेछ।

धारा ९ असल नियत

पक्षहरुले असल नियतका साथ मध्यस्थताको कारवाहीमा (प्रक्रियामा) सहभागी हुनुपर्नेछ।

धारा १० चुनौती पेश गर्ने अधिकार परित्याग

यी नियमहरुको कुनै प्रावधान वा यी नियमहरु अन्तर्गत पुरा गर्नुपर्ने आवश्यक कार्यको परिपालना नगरेको जानकारी भएको वा हुनुपर्ने कुनै पक्षले त्यस्तो परिपालना नगरेको विषय उपर तत्काल तथा प्रष्ट रुपमा लिखित चुनौती पेश नगरी मध्यस्थताको प्रक्रियामा सहभागी भएमा वा कारवाही अगाडि बढाएमा त्यस्तो पक्षले आफ्नो चुनौती गर्न सक्ने अधिकार परित्याग गरेको मानिनेछ ।

## परिच्छेद २ मध्यस्थताको कारबाही

भाग १  मध्यस्थताको अनुरोध, प्रतिवाद र प्रतिदावी

धारा ११ मध्यस्थताको प्रारम्भ

मध्यस्थताको कारबाही मध्यस्थता अदालतले मध्यस्थताको अनुरोध प्राप्त गरेको दिनदेखि प्रारम्भ हुनेछ।

धारा १२ मध्यस्थताको लागि निवेदन

यी नियमहरू अन्तर्गत मध्यस्थताको लागि निवेदन दिने पक्षले देहायबमोजिम गर्नुपर्नेछः:

१. दावीकर्ता वा यसका अख्तियारप्राप्त प्रतिनिधिले आफ्नो हस्ताक्षर र/वा छाप सहित अन्य कुराका अतिरिक्त निम्न कुराहरु खुलाई लिखितरुपमा मध्यस्थताका लागि अनुरोध पेश गर्नेः

(क) दावीकर्ता र प्रत्यार्थीको नाम र जिप कोड, टेलिफोन, फ्याक्स, इमेल, वा अन्य कुनै विद्युतीय संचारको माध्यम सहितको ठेगाना;

(ख) जुन मध्यस्थता सम्झौता बमोजिम मध्यस्थता गर्न खोजिएको हो त्यस्तो सम्झौता;

(ग) विवादको तथ्य र विवाद रहेको मुख्य विषयहरु;

(घ) दावीकर्ताको दावी; र

(ङ) दावीसंग सम्बन्धित तथ्य र आधारहरु।

२. दावीकर्ताको दावीसंग सम्बन्धित कागजात तथा अन्य प्रमाणहरु दाबीका साथ संलग्न गर्ने।

३. सिटाकको मध्यस्थता शुल्क अनुसूची अनुसारको मध्यस्थता शुल्क सिटाकलाई अग्रिम भुक्तानी गर्ने।

धारा १३ विवाद स्वीकार गर्ने

१. कुनै पक्षको लिखित निवेदन पश्चात सिटाकले पक्षहरूबीच विवाद उत्पन्न हुनु अघि वा पछि विवादहरू सिटाकमार्फत मध्यस्थता हुनुपर्ने भनी उल्लेख भएको मध्यस्थता सम्झौता बमोजिम विवाद स्वीकार गर्नेछ।

२.	मध्यस्थताका लागि अनुरोध र सोसंग संलग्न कागजातहरु प्राप्त भएपछि, मध्यस्थता अदालतले जाँच गर्दा मध्यस्थताको निवेदनको लागि आवश्यक औपचारिकताहरू पुरा भएको पाएमा, मध्यस्थता अदालतले यी नियमहरु र सिटाकको मध्यस्थता प्यानल एक/एक प्रति सहित दुवै पक्षलाई मध्यस्थताको सूचना पठाउनेछ। दाबीकर्ताले पेश गरेको मध्यस्थताको अनुरोध र सोसंग संलग्न कागजातहरु प्रत्यार्थीलाई सोही खाम (cover) मा राखी पठाइनेछ।

३. मध्यस्थता अदालतले जाँच गर्दा मध्यस्थताको निवेदनको लागि आवश्यक औपचारिकताहरू पुरा नभएको पाएमा, अदालतले दावीकर्तालाई तोकिएको समयावधि भित्र औपचारिकताहरू पूरा गर्न अनुरोध गर्न सक्नेछ। त्यसरी तोकिएको समयावधि भित्र दावीकर्ताले औपचारिकताहरू पूरा गर्न असमर्थ भएमा मध्यस्थताका लागि अनुरोध पेश नभएको मानिनेछ। यस्तो अवस्थामा मध्यस्थता अदालतले दावीकर्ताको मध्यस्थको अनुरोध र सो संग संलग्न कागजात फाइलमा राख्ने छैन।

४. सिटाकले विवाद स्वीकार गरेपश्चात मध्यस्थता अदालतले विवादको कार्यविधिगत कुराहरुमा सहयोग गर्नका लागि एक जना विवाद व्यवस्थापक (म्यानेजर)लाई नियुक्त गर्नेछ।

धारा १४ विभिन्न करारहरु

दावीकर्ताले विभिन्न् करारहरुबाट उत्पन्न वा सो संग सम्बन्धित विवादको सम्बन्धमा एउटै मध्यस्थता प्रारम्भ गर्न सक्नेछ, यदि:

(क) त्यस्ता करारमा एउटा मुख्य करार र सो करारको सहायक (ancillary) करार भएको हुनुपर्ने वा त्यस्ता करारका पक्षहरु उही हुनुका साथै उस्तै प्रकृतिको कानुनी सम्बन्ध स्थापना गरेको हुनुपर्ने;

(ख) विवादहरू एउटै किसिमको कारोवार वा एउटै किसिमको कारोवारको सिलसिलाबाट उत्पन्न भएको हुनुपर्ने; र

(ग) त्यस्ता करारमा मध्यस्थता सम्झौताहरू उस्तै वा समान खालको भएको हुनुपर्ने।

धारा १५ प्रतिवाद

१. प्रत्यार्थीले आफुले मध्यस्थताको सूचना प्राप्त गरेको मितिले पैँतालीस (४५) दिनभित्रमा लिखित रुपमा आफ्नो प्रतिवाद पेश गर्नुपर्नेछ। यदि प्रत्यार्थीले मनासिव कारणहरू उल्लेख गरी म्याद थप गर्न अनुरोध गरेमा मध्यस्थ ट्राइबुनलले म्याद थप गर्ने, नगर्ने सम्बन्धमा निर्णय गर्नेछ। मध्यस्थ ट्राबुनल गठन नभइसकेको अवस्थामा म्याद थप गर्ने, नगर्ने सम्बन्धी निर्णय मध्यस्थता अदालतले गर्नेछ।

२. प्रत्यार्थी वा यसका अख्तियारप्राप्त प्रतिनिधिले प्रतिवादमा आफ्नो हस्ताक्षर र/वा छाप लगाउनु पर्नेछ र यसमा अन्य कुराका अतिरिक्त निम्न कुराहरु र कागजात समावेश गर्नु पर्नेछः

(क) प्रत्यार्थीको नाम र जिप कोड, टेलिफोन, फ्याक्स, इमेल, वा अन्य कुनै विद्युतीय संचार माध्यम सहितको ठेगाना खुलाएको;

(ख) प्रतिवादसंग सम्बन्धित तथ्य र आधारहरू सहितको मध्यस्थताको अनुरोधको प्रतिवाद; र

(ग) प्रतिवादको आधारको रुपमा रहेका सम्बन्धित लिखित तथा अन्य प्रमाणहरु ।

३. माथि उल्लेखित समयावधि समाप्त भएपछि पेश गरिएको प्रतिवाद स्वीकार गर्ने, नगर्ने सम्बन्धमा निर्णय गर्ने अधिकार मध्यस्थ ट्राइबुनलसंग रहन्छ।

४. प्रत्यार्थीले प्रतिवाद पेश नगरेको कारणले मात्र मध्यस्थता कारबाहीमा कुनै पनि असर पर्नेछैन।

धारा १६ प्रतिदावी

१. प्रत्यार्थीको कुनै प्रतिदाबी भएमा आफुले मध्यस्थताको सूचना प्राप्त गरेको मितिले पैँतालीस (४५) दिन भित्र लिखित रुपमा पेश गर्नुपर्नेछ। यदि प्रत्यार्थीले मनासिव कारणहरू उल्लेख गरी म्याद थप गर्न अनुरोध गरेमा मध्यस्थ ट्राइबुनलले म्याद थप गर्ने, नगर्ने सम्बन्धमा निर्णय गर्नेछ। मध्यस्थ ट्राबुनल गठन नभइसकेको अवस्थामा म्याद थप गर्ने, नगर्ने सम्बन्धी निर्णय मध्यस्थता अदालतले गर्नेछ।

२. प्रत्यार्थीले प्रतिदावी पेश गर्दा प्रत्यार्थीको प्रतिदावी प्रतिदावीपत्रमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र त्यस्तो प्रतिदावीसंग सम्बन्धित तथ्य र आधार उल्लेख गरी सम्बन्धित कागजात र अन्य प्रमाणहरु संलग्न गर्नुपर्नेछ।

३. प्रत्यार्थीले प्रतिदावी पेश गर्दा सिटाकको मध्यस्थता शुल्क सम्बन्धी अनुसूची अनुसारको मध्यस्थता शूल्क तोकिएको समयावधिभित्र सिटाकलाई अग्रिम रुपमा भुक्तानी गर्नुपर्नेछ अन्यथा प्रत्यार्थीले प्रतिदावी पेश गरेको मानिने छैन ।

४. प्रतिदावीका लागि आवश्यक औपचारिकताहरू पुरा भएको पाइएमा, मध्यस्थता अदालतले पक्षहरूलाई प्रतिदावी स्वीकार गरेको सूचना पठाउनेछ । दाबीकर्ताले आफुले उक्त सूचना प्राप्त गरेको मितिले तीस (३०) दिनभित्र लिखित रुपमा आफ्नो प्रत्युक्ति पेश गर्नुपर्नेछ । यदि दाबीकर्ताले मनासिव कारणहरू उल्लेख गरी म्याद थप गर्न अनुरोध गरेमा मध्यस्थ ट्राइबुनलले म्याद थप गर्ने, नगर्ने सम्बन्धमा निर्णय गर्नेछ। मध्यस्थ ट्राइबुनल गठन नभइसकेको अवस्थामा म्याद थप गर्ने, नगर्ने सम्बन्धी निर्णय मध्यस्थता अदालतले गर्नेछ।

५. माथि उल्लेखित समयावधि समाप्त भएपछि पेश गरिएको प्रतिदावी वा प्रत्युक्ति स्वीकार गर्ने, नगर्ने सम्बन्धमा निर्णय गर्ने अधिकार मध्यस्थ ट्राइबुनलसंग रहन्छ।

६. दाबीकर्ताले प्रत्यार्थीको प्रतिदाबीको प्रत्युक्ति पेश नगरेको कारणले मात्र मध्यस्थता कारबाहीमा कुनै पनि असर पर्नेछैन।

धारा १७ दावी वा प्रतिदावीमा संशोधन

दावीकर्ताले आफ्नो दावी र प्रत्यार्थीले आफ्नो प्रतिदावी संशोधन गर्न निवेदन दिन सक्नेछ। तर त्यस्तो संशोधन धेरै ढिलो गरी पेश भएको वा त्यसले मध्यस्थताको कारवाहीलाई ढिलो गराउँछ भन्ने मध्यस्थ ट्राइबुनललाई लागेमा मध्यस्थ ट्राइबुनलले त्यस्तो संशोधन अस्विकार गर्न सक्नेछ ।

धारा १८ अन्य पक्षहरू सामेल गर्ने (Joinder)

१. मध्यस्थताको कारबाहीको क्रममा मध्यस्थतामा अन्य पक्ष सामेल गराउन चाहने पक्षले मध्यस्थताको प्रक्रिया सुरु गरिएको मध्यस्थता सम्झौता जुन अन्य पक्षलाई प्रथम दृष्टिमा नै बाध्यकारी हुन्छ, उक्त सम्झौताको आधारमा सिटाक समक्ष सामेलको अनुरोध पेश गर्न

सक्नेछ। मध्यस्थ ट्राइबुनल गठन भएपश्चात पेश भएको सामेलको अनुरोधका सम्बन्धमा मध्यस्थ ट्राइबुनलले अन्य पक्ष सामेल गर्न उचित ठानेमा त्यस्तो अन्य पक्षलगायत सबै पक्षहरुको सुनुवाई गरी सिटाकले निर्णय गर्नेछ।

मध्यस्थता अदालतले सामेलको अनुरोध प्राप्त गरेको मितिलाई सामेल गरिएको अन्य पक्षको हकमा मध्यस्थताको कारवाही प्रारम्भ भएको मिति मानिनेछ ।

२. सामेलको अनुरोधपत्रमा विचाराधीन मध्यस्थता विवादको मुद्दा नम्बर, सामेल भएका अन्य पक्ष सहित सबै पक्षहरूको नाम, ठेगाना र संचारको अन्य माध्यम; अन्य पक्षलाई सामेल गर्न आधार लिइएको मध्यस्थता सम्झौता। साथसाथै सामेलको अनुरोधसंग सम्बन्धित तथ्य र आधारहरु तथा दावी उल्लेख गर्नु पर्नेछ।

सामेलको अनुरोधसँग उक्त अनुरोधका लागि आधार लिइएको सम्बन्धित लिखित र अन्य प्रमाणहरु संलग्न गर्नुपर्नेछ।

३. अन्य पक्ष सामेल गर्ने प्रक्रियाका सम्बन्धमा कुनै पक्षले मध्यस्थता सम्झौता र/वा मध्यस्थताको क्षेत्राधिकार नभएको जिकिर लिएमा सो सम्बन्धमा मध्यस्थता सम्झौता र सम्बन्धित प्रमाणहरुका आधारमा निर्णय गर्ने अधिकार सिटाकसंग रहनेछ।

४. अन्य पक्ष सामेल गर्ने कारबाही प्रारम्भ भए पश्चात, मध्यस्थ ट्राइबुनल गठन नभएको भए, मध्यस्थता अदालतले र मध्यस्थ ट्राइबुनल गठन भएको भए सोहि ट्राइबुनलले मध्यस्थताका प्रक्रियाको बारेमा निर्णय गर्नेछ।

५. अन्य पक्ष सामेल हुने कार्य मध्यस्थ ट्राइबुनल गठन हुनुपुर्व नै भएमा यी नियमहरु बमोजिम पक्षहरुले मध्यस्थ नियुक्त गर्ने कार्य गर्न सिटाकको अध्यक्षलाई मनोनयन गर्ने वा त्यस्तो कार्य निजलाई सुम्पने सम्बन्धी प्रावधान अन्य पक्षको हकमा पनि लागु हुनेछ । मध्यस्थ ट्राइबुनल यी नियमहरुको धारा २९ बमोजिम गठन गरिनेछ।

अन्य पक्ष सामेल हुने कार्य मध्यस्थ ट्राइबुनल गठन भए पश्चात गरिएको भए मध्यस्थ ट्राइबुनलको गठनको विषय लगायत विगतमा सम्पन्न भएका मध्यस्थताको कारवाहीका सम्बन्धमा सामेल हुने अन्य पक्षको धारणा सुन्नेछ । सामेल हुने अन्य पक्षले मध्यस्थ नियुक्तीको कार्य गर्नका लागि सिटाकको अध्यक्षलाई मनोनयन गरेमा वा त्यस्ता काम सुम्पिएमा

दुवै पक्षले पुन: मध्यस्थ नियुक्ति गर्ने कार्यका लागि सिटाकको अध्यक्षलाई मनोनयन गर्नु वा त्यस्तो काम निजलाई सुम्पनु पर्नेछ । मध्यस्थ ट्राइबुनल यी नियमहरुको धारा २९ बमोजिम गठन गरिनेछ।

६. यी नियमहरू अन्तर्गत प्रतिवाद गर्ने र प्रतिदाबी पेश गर्ने सम्बन्धी प्रावधानहरू सामेल हुने अन्य पक्षको हकमा पनि लागु हुनेछ । सामेल हुने अन्य पक्षको लागि प्रतिवाद र प्रतिदाबी पेश गर्ने समयावधिको गणना त्यस्तो पक्षले सामेल हुने सूचना प्राप्त गरेको मितिदेखि प्रारम्भ हुनेछ।

७. मध्यस्थताका लागि आधार लिईएको मध्यस्थता सम्झौता सामेल हुने अन्य पक्षलाई बाध्यकारी नहुने कुरा प्रथम दृष्टिमा नै देखिएमा वा अन्य कुनै अवस्था परी अन्य पक्षलाई सामेल गर्नु उचित नदेखिएमा त्यस्तो पक्षलाई सामेल नगर्ने गरी निर्णय गर्ने अधिकार सिटाकलाई हुनेछ ।

धारा १९ मध्यस्थता सम्बन्धी विवाद संगै राखेर हेर्ने

१. विवादको कुनै पक्षको अनुरोधमा सिटाकले यी नियमहरु बमोजिम मध्यस्थता गरिनुपर्ने दुई वा दुई भन्दा बढी मध्यस्थता सम्बन्धी विचाराधिन विवादलाई एउटै मध्यस्थताबाट हेर्ने गरी एकिकृत गर्न सक्नेछ यदिः

क. मध्यस्थताका सबै दावीहरू एउटै मध्यस्थता सम्झौता अन्तर्गत लिइएको भए;

ख. मध्यस्थतामा दावीहरू उस्तै वा मिल्ने खालका विभिन्न मध्यस्थता सम्झौताहरू अन्तर्गत लिइएको र मध्यस्थतामा पक्षहरू उही भएको र उनीहरुबीचको कानुनी सम्बन्ध एकै प्रकृतिको भएको;

ग. उस्तै वा मिल्ने खालका विभिन्न मध्यस्थता सम्झौताहरू अन्तर्गत मध्यस्थताको दावीहरू लिइएको र त्यस्तो मध्यस्थ सम्झौताहरु मुख्य सम्झौता र सो को सहायक सम्झौता(हरु) भएको; वा

घ. मध्यस्थताका सबै पक्षहरूले विवाद संगै राखेर हेर्न सहमति जनाएको।

२. माथि खण्ड १ बमोजिम मध्यस्थताको विवादलाई संगै राखेर हेर्ने, नहेर्ने सम्बन्धमा निर्णय गर्दा, सिटाकले सबै पक्षहरूको राय र फरक फरक मध्यस्थता सम्बन्धी विवादमा मध्यस्थको मनोनयन तथा नियुक्ति लगायतका सम्बन्धित मध्यस्थताहरुबीचको अन्तरसम्बन्ध जस्ता अन्य सम्बन्धित कुरालाई ध्यानमा राख्नेछ।

३. सबै पक्षहरूले अन्यथा सहमति गरेकोमा बाहेक मध्यस्थको सबै विवादलाई सवैभन्दा पहिले सुरु भएको मध्यस्थता कारवाहीसंग एकिकृत गरी साथै राखिनेछ।

४. मध्यस्थताको विवादहरुलाई संगै राखेर हेर्ने सहमति पछि मध्यस्थताको कारवाही अगाडी बढाउने सम्बन्धमा, मध्यस्थ ट्राइबुनल गठन नभएको भए मध्यस्थता अदालतले र मध्यस्थ ट्राइबुनलको गठन भईसकेको भए ट्राइबुनल आफैले निर्णय गर्नेछ।

धारा २० मध्यस्थता सम्बन्धी कागजातहरू पेश तथा आदानप्रदान गर्ने

१. पक्षहरूबाट मध्यस्थता सम्बन्धी सबै कागजातहरू मध्यस्थता अदालतमा पेश गरिनेछ।

२. मध्यस्थताका पक्षहरुले मध्यस्थ ट्राइबुनलको अनुमतिले अन्यथा सहमति गरेकोमा वा मध्यस्थ ट्राइबुनलले अन्यथा निर्णय गरेकोमा बाहेक मध्यस्थताको कार्यवाहीको क्रममा मध्यस्थ ट्राइबुनल र पक्षहरुबीच आदान प्रदान गरिने मध्यस्थता सम्बन्धी सबै कागजातहरू मध्यस्थता अदालतद्वारा आदान प्रदान गरिनेछ।

धारा २१ मध्यस्थता सम्बन्धी कागजातहरूको प्रतिलिपिहरू

पक्षहरुले मध्यस्थको अनुरोध, प्रतिवाद, प्रतिदावी, प्रमाण तथा अन्य मध्यस्थता सम्बन्धी कागजातहरू पेश गर्दा पाँचप्रति पेश गर्नुपर्नेछ। पक्षहरू धेरै भएको अवस्थामा सोहिबमोजिम थप प्रति कागजातहरू पेश गर्नुपर्नेछ। पक्षले सम्पत्तिको संरक्षण वा प्रमाणको संरक्षणको लागि अनुरोध गरेमा सोहि अनुसार थप प्रतिहरू पेश गर्नुपर्नेछ। एकल मध्यस्थको ट्राइबुनल गठन भएकोमा भने दुई प्रति पेश गरे पुग्नेछ।

धारा २२ प्रतिनिधित्व

मध्यस्थता सम्बन्धी विषयमा पक्षको प्रतिनिधित्व निजको आधिकारिक चिनियाँ र/वा विदेशी प्रतिनिधि(हरू) मार्फत हुन सक्नेछ । त्यस्तो अवस्थामा त्यस्तो पक्ष वा त्यस्तो पक्षको आधिकारिक प्रतिनिधिले मध्यस्थता अदालतमा अख्तियारनामा पठाउनु पर्नेछ।

धारा २३ संरक्षणात्मक (Conservatory) र अन्तरिम उपचार

१. कुनै पक्षले जनवादी गणतन्त्र चीनको कानून बमोजिम संरक्षणात्मक उपचारको लागि निवेदन गरेमा सिटाकले उक्त निवेदन त्यस्तो पक्षले कानुन बमोजिम चयन गरेको सक्षम अदालतमा पठाउनेछ।

२. पक्षले लागू हुने कानून वा पक्षहरूबीचको सम्झौता बमोजिम सिटाक आकस्मिक मध्यस्थ कार्यविधि (परिशिष्ट ३) (CIETAC Emergency Arbitrator Procedures (Appendix III)) बमोजिम मध्यस्थता अदालत समक्ष आकस्मिक उपचारको माग गर्न सक्नेछ। आकस्मिक मध्यस्थले आवश्यक वा उचित आकस्मिक उपचारका सम्बन्धमा आदेश वा निर्णय गर्न सक्नेछ। आकस्मिक मध्यस्थको निर्णय दुवै पक्षलाई बाध्यकारी हुनेछ।

३. कुनै पक्षको अनुरोधमा मध्यस्थ ट्राइबुनलले लागू हुने कानून वा पक्षहरूबीचको सम्झौता बमोजिम आवश्यक वा उचित ठानेको कुनै पनि अन्तरिम उपचारको आदेश वा निर्णय गर्न सक्नेछ र त्यसरी अनुरोध गर्ने पक्षलाई त्यस्तो उपचारसँग सम्बन्धित सुरक्षण राख्न लगाउन सक्नेछ ।

भाग २ मध्यस्थहरु र मध्यस्थ ट्राइबुनल

धारा २४ मध्यस्थको कर्तव्य

मध्यस्थले कुनै पनि पक्षको प्रतिनिधित्व गर्नेछैन र पक्षहरूबाट स्वतन्त्र रहि उनीहरूलाई समान व्यवहार गर्नेछ ।

धारा २५ मध्यस्थहरूको संख्या

१. एक जना वा तीन जना मध्यस्थको मध्यस्थता ट्राइबुनल गठन हुनेछ।

२. पक्षहरूले अन्यथा सहमति गरेकोमा वा यी नियमहरूमा अन्यथा उल्लेख गरिएकोमा बाहेक, तीन जना मध्यस्थहरू भएको मध्यस्थ ट्राइबुनल गठन हुनेछ।

धारा २६ मध्यस्थको मनोनयन वा नियुक्ति

१. सिटाकले मध्यस्थहरूको प्यानल राख्नेछ जुन सिटाक आफै र यसका सबै उप-आयोगहरू/मध्यस्थता केन्द्रहरूको हकमा समान रूपमा लागू हुनेछ। पक्षहरूले सिटाकले राखेको मध्यस्थताको प्यानलबाट मध्यस्थहरूको मनोनयन गर्नेछन्।

२. पक्षहरूले सिटाकको मध्यस्थहरुको प्यानलभन्दा बाहिरबाट मध्यस्थ मनोनयन गर्न सहमति गरेकोमा वा पक्षहरुको सम्झौता बमोजिम मनोनयन गरेमा त्यसरी पक्षहरूले मनोनयन गरेको वा पक्षहरूको सहमति अनुसार मनोनयन गरिएको मध्यस्थले सिटाकको अध्यक्षको स्वीकृति भएमा मध्यस्थको रूपमा कार्य गर्न सक्नेछ।

धारा २७ तीनजना मध्यस्थको ट्राइबुनल

१. मध्यस्थताको सूचना प्राप्त भएको मितिले पन्ध्र (१५) दिनभित्र, दावीकर्ता र प्रत्यार्थी प्रत्येकले मध्यस्थ मनोनयन गर्ने वा सिटाकको अध्यक्षलाई मध्यस्थ नियुक्त गर्न अनुरोध गर्नुपर्नेछ अन्यथा सिटाकको अध्यक्षद्वारा मध्यस्थ नियुक्त गरिनेछ।

२. प्रत्यार्थीले मध्यस्थताको सूचना प्राप्त गरेको मितिले पन्ध्र (१५) दिनभित्र पक्षहरूले संयुक्त रूपमा तेश्रो मध्यस्थ मनोनयन गर्ने वा सिटाकको अध्यक्षलाई तेश्रो मध्यस्थ नियुक्त गर्न अनुरोध गर्नुपर्नेछ जसले मुख्य मध्यस्थको रूपमा कार्य गर्नेछ ।

३. प्रत्येक पक्षले मुख्य मध्यस्थको रुपमा कार्य गर्न एकदेखि पाँच जना व्यक्तिलाई सिफारिस गर्न सक्नेछन् र प्रत्येकले माथिको खण्ड २ मा तोकिएको समयावधिभित्र सिफारिस गरिएका व्यक्तिहरूको सूची पेश गर्नुपर्नेछ। उक्त सूचीमा एक जना मात्र साझा व्यक्तिको नाम भएमा त्यस्तो व्यक्ति नै पक्षहरूले संयुक्त रूपमा मनोनयन गरेको मुख्य मध्यस्थ हुनेछ । उक्त सूचीमा एकभन्दा बढी साझा व्यक्तिको नाम भएमा सिटाकको अध्यक्षले विवादको अवस्थालाई ध्यानमा राखी साझा व्यक्तिहरू मध्येबाट कुनै एक जनालाई मुख्य मध्यस्थको रुपमा छनोट गर्नेछ र त्यस्तो व्यक्तिले पक्षहरुले संयुक्त रूपमा मनोनयन गरेको मुख्य मध्यस्थको रूपमा कार्य गर्नेछ । उक्त सूचीमा साझा व्यक्ति नभएको खण्डमा सिटाकको अध्यक्षद्वारा मुख्य मध्यस्थको नियुक्ति गरिनेछ।

४. माथि उल्लेखित प्रावधानहरु बमोजिम पक्षहरुले संयुक्त रुपमा मुख्य मध्यस्थ मनोनयन गर्न असमर्थ भएमा सिटाकको अध्यक्षद्वारा मुख्य मध्यस्थ नियुक्त गरिनेछ ।

धारा २८ एकल मध्यस्थको ट्राइबुनल

मध्यस्थ ट्राइबुनल एक जना मध्यस्थबाट गठन भएको भए यी नियमहरूको धारा २७ को खण्ड २, ३ र ४ मा तोकिएका प्रक्रियाहरू बमोजिम एक मध्यस्थको मनोनयन गरिनेछ।

धारा २९ बहुपक्षीय ट्राइबुनल

१. कुनै मध्यस्थता विवादमा दुई वा सो भन्दा बढी दावीकर्ता र/वा प्रत्यार्थी भएमा, दावीकर्ता पक्ष र/वा प्रत्यार्थी पक्षले छलफल गरी प्रत्येकले संयुक्त रुपमा मध्यस्थको मनोनयन गर्नुपर्नेछ वा एकजना मध्यस्थ नियुक्त गर्न सिटाकको अध्यक्षलाई अनुरोध गर्नुपर्नेछ ।

२. यी नियमहरूको धारा २७ को खण्ड २, ३ र ४ मा तोकिएका प्रक्रियाहरू बमोजिम मुख्य मध्यस्थ वा एकल मध्यस्थको मनोनयन गरिनेछ। यी नियमहरूको धारा २७ को खण्ड ३ बमोजिम यस्तो मनोनयन गर्दा दावीकर्ता पक्ष र/वा प्रत्यार्थी पक्षले छलफल गरी प्रत्येकले संयुक्त रूपमा सहमति भएको व्यक्तिहरुको सूची पेश गर्नुपर्नेछ।

३. मध्यस्थताको सूचना प्राप्त भएको मितिले पन्ध्र (१५) दिनभित्र दावीकर्ता पक्ष वा प्रत्यार्थी पक्षले संयुक्त रूपमा एकजना मध्यस्थ मनोनयन गर्न वा संयुक्त रूपमा सिटाकको अध्यक्षलाई एकजना मध्यस्थ नियुक्त गरिदिन अनुरोध गर्न असमर्थ भएमा, मध्यस्थ ट्राइबुनलको तीनै जना मध्यस्थलाई सिटाकको अध्यक्षले नियुक्त गर्नेछ र निजहरूमध्ये एक जनालाई मुख्य मध्यस्थको रूपमा कार्य गर्न छनौट गर्नेछ।

धारा ३० मध्यस्थ नियुक्तिमा ध्यानमा राख्नुपर्ने कुराहरू

यी नियमहरू बमोजिम मध्यस्थ नियुक्त गर्दा सिटाकको अध्यक्षले विवादमा लागू हुने कानून, मध्यस्थताको स्थान, मध्यस्थताको भाषा, पक्षहरूको राष्ट्रियता र अध्यक्षले सान्दर्भिक ठानेको अन्य कुनै पनि विषय(हरू)लाई ध्यानमा राख्नेछ ।

धारा ३१ जानकारी गराउने

१. पक्षहरूद्वारा मनोनयन गरिएको वा सिटाकको अध्यक्षद्वारा नियुक्त गरिएको मध्यस्थले एउटा घोषणापत्रमा हस्ताक्षर गर्नेछ र आफ्नो निष्पक्षता वा स्वतन्त्रताको बारेमा मनासिव शंका उत्पन्न हुन सक्ने कुनैपनि तथ्य वा अवस्थाहरूको जानकारी गराउनुपर्नेछ।

२. मध्यस्थताको कारवाहीको क्रममा जानकारी गराउनु पर्ने अवस्था उत्पन्न भएमा त्यस्तो अवस्थाको बारेमा मध्यस्थले तुरुन्तै लिखित रूपमा जानकारी गराउनु पर्नेछ।

३. मध्यस्थको घोषणा र/वा जानकारी पक्षहरूलाई पठाउनको लागि मध्यस्थता अदालतमा पेश गरिनेछ।

धारा ३२ मध्यस्थलाई चुनौती दिने

१. कुनै मध्यस्थको घोषणापत्र र/वा लिखत जानकारी प्राप्त भए पश्चात जानकारीमा आएका तथ्य वा अवस्थाका आधारमा कुनै पक्षले चाहेमा त्यस्तो घोषणापत्र वा जानकारी प्राप्त भएको मितिले दश (१०) दिनभित्र लिखित रुपमा मध्यस्थलाई चुनौती दिन सक्नेछ । माथि उल्लेखित समयावधिभित्र मध्यस्थलाई चुनौती नगर्ने पक्षले मध्यस्थले जानकारी गराएको विषयको आधारमा पछि मध्यस्थलाई चुनौती दिन सक्ने छैन।

२. कुनै पनि पक्षलाई कुनै मध्यस्थको निष्पक्षता वा स्वतन्त्रताको सम्बन्धमा मनासिव शंका लागेको अवस्थामा त्यस्तो पक्षले लिखित रुपमा मध्यस्थलाई चुनौती दिन सक्नेछ र त्यस्तो चुनौतीलाई समर्थन गर्ने प्रमाणहरुलाई साथै राखी चुनौती गर्दा आधार लिएको तथ्य तथा कारण खुलाउनुपर्नेछ ।

३. कुनै पनि पक्षले मध्यस्थ ट्राइबुनल गठन सम्बन्धी सूचना प्राप्त गरेको पन्ध्र (१५) दिनभित्र लिखित रुपमा कुनै मध्यस्थलाई चुनौती दिन सक्नेछ । पक्षले त्यस्तो सूचना प्राप्त गरेपश्चात चुनौती दिनुपर्ने कारणका बारेमा जानकारी पाएमा त्यस्तो जानकारी पाएको मितिले पन्ध्र (१५) दिनभित्र चुनौती दिनुपर्नेछ। तर त्यस्तो चुनौती दिँदा अन्तिम मौखिक सुनुवाई समाप्त हुनुभन्दा अघि नै दिनुपर्नेछ।

४. एक पक्षले कुनै मध्यस्थलाई चुनौती दिएको जानकारी अर्को पक्ष, चुनौती दिएको मध्यस्थ र मध्यस्थ ट्राइबुनलका अन्य सदस्यहरुलाई तुरुन्तै दिनुपर्नेछ ।

५. कुनै पक्षले कुनै मध्यस्थलाई चुनौती दिएकोमा अर्को पक्षले त्यस्तो चुनौतीमा सहमति जनाएमा  वा चुनौती गरिएको मध्यस्थ स्वेच्छाले आफ्नो पदबाट हटेको अवस्थामा त्यस्तो मध्यस्थ मध्यस्थ ट्राइबुनलको सदस्यको रुपमा रहन सक्नेछैन। तर उल्लेखित कुनै अवस्थामा पनि चुनौती दिएको आधार कारण पुष्टि भएको मानिने छैन ।

६. माथि खण्ड ५ मा उल्लेख भए बाहेकका अन्य अवस्थाहरुमा, सिटाकका अध्यक्षले आधार कारण उल्लेख गरि वा नगरिकन चुनौतीका विषयमा अन्तिम निर्णय दिन सक्नेछन् ।

७. चुनौती दिइएको मध्यस्थले सिटाकका अध्यक्षले उक्त चुनौतीका विषयमा अन्तिम निर्णय नगरेसम्म मध्यस्थ ट्राइबुनलको कार्यलाई निरन्तरता दिनेछन्।

दफा ३३ मध्यस्थको प्रतिस्थापन

१. कुनै मध्यस्थलाई कानुनी वा तथ्यगत (de jure or de facto) रुपमा आफ्नो काम गर्नबाट रोक लगाइएको अवस्थामा वा मध्यस्थले यी नियमहरु बमोजिम वा यी नियमहरुमा तोकिएको समयावाधि भित्र आफ्नो कार्य पुरा गर्न नसकेमा त्यस्तो मध्यस्थलाई प्रतिस्थापन गर्ने अधिकार सिटाकका अध्यक्षसंग हुनेछ । त्यस्तो मध्यस्थ स्वेच्छाले मध्यस्थताबाट हट्न पनि सक्नेछ ।

२. मध्यस्थलाई कारण खुलाई वा नखुलाई प्रतिस्थापना गर्ने, नगर्ने विषयमा सिटाकका अध्यक्षले अन्तिम निर्णय गर्नेछ ।

३. कुनै मध्यस्थलाई चुनौती दिएको वा प्रतिस्थापन गरेको कारणले आफ्नो कार्य गर्न असमर्थ भएको अवस्थामा चुनौती दिइएको वा प्रतिस्थापन गरिएको मध्यस्थलाई मनोनयन गर्दा वा नियुक्त गर्दा अबलम्बन गरिएको प्रक्रिया बमोजिम नै मध्यस्थता अदालतद्वारा तोकिए बमोजिमको समयावधि भित्र प्रतिस्थापन गर्ने मध्यस्थको मनोनयन वा नियुक्ति गरिनेछ। उपरोक्त बमोजिम कुनै पक्षले प्रतिस्थापन गर्ने मध्यस्थको मनोनयन वा नियुक्ति गर्न नसकेको अवस्थामा सिटाकका अध्यक्षद्वारा त्यस्तो प्रतिस्थापन गर्ने मध्यस्थको नियुक्ती हुनेछ ।

४. मध्यस्थको प्रतिस्थापन पश्चात मुद्दाको अघिल्लो कारवाहीहरु दोहोर्याउनु पर्ने वा नपर्ने र कति हदसम्म दोहोर्याउनु पर्ने भन्ने कुराको निर्णय मध्यस्थता ट्राइबुनलले गर्नेछ ।

दफा ३४ बहुमतद्वारा मध्यस्थता कारवाहीको निरन्तरता

अन्तिम मौखिक सुनुवाई सम्पन्न भएपछि यदि तीन सदस्यीय मध्यस्थ ट्राइबुनलका कुनै एक मध्यस्थको मृत्यु भएको वा सिटाकद्वारा मध्यस्थको प्यानलबाट हटाइएको वा अन्य कुनै कारण परी पछीको कारवाहीमा सहभागी हुन नसकेमा र/वा मध्यस्थको निर्णय दिन नसक्ने भएमा अन्य दुई मध्यस्थले यी नियमहरुको धारा ३३ बमोजिम त्यस्तो मध्यस्थलाई प्रतिस्थापन गर्नका लागि सिटाकका अध्यक्षसमक्ष अनुरोध गर्न सक्नेछन् । अन्य दुई मध्यस्थहरुले पक्षहरुसंग परामर्श गरी तथा सिटाकका अध्यक्षको स्वीकृति लिई मध्यस्थताको कारवाही अघि बढाउन र निर्णय गर्न,

आदेश दिन वा अन्तिम निर्णय गर्न (अवार्ड दिन) पनि सक्नेछन् । उल्लेखित अवस्थाहरुका बारेमा मध्यस्थता अदालतले सम्बन्धित पक्षहरुलाई जानकारी दिनु पर्नेछ ।

भाग ३ सुनुवाई

धारा ३५ सुनुवाईको कारवाही

१. पक्षहरुले अन्यथा सहमति गरेकोमा बाहेक मध्यस्थ ट्राइबुनलले आफुलाई उचित लागेको प्रक्रिया अपनाई विवादको जाँचबुझ गर्न सक्नेछ । मध्यस्थ ट्राइबुनलले सबै अवस्थामा निष्पक्ष र उचित रुपमा व्यवहार गर्नेछ र दुवै पक्षलाई आफ्नो विवाद प्रस्तुत गर्न मनासिव अवसर दिनेछ ।

२. मध्यस्थ ट्राइबुनलले विवादको जाँचबुझ गर्दाका बखत मौखिक सुनुवाई गर्नेछ । तर पक्षहरुले त्यसरी मन्जुर गरेको र मध्यस्थ ट्राइबुनलले सहमती जनाएको वा मध्यस्थ ट्राइबुनलले मौखिक सुनुवाई आवश्यक नभएको ठानेमा र पक्षहरुले पनि त्यसमा सहमति जनाएको अवस्थामा भने मध्यस्थ ट्राइबुनलले कागजातको आधारमा मात्र विवादको जाँचबुझ गर्न सक्नेछ ।

३. पक्षहरुले अन्यथा सहमति गरेकोमा बाहेक मध्यस्थ ट्राइबुनलले विवादको अवस्थालाई ध्यानमा राखी सुनुवाईमा अन्वेषणात्मक (inquisitorial) वा प्रतिद्वन्दात्मक (adversarial) पद्दति अपनाउन सक्नेछ ।

४. मध्यस्थ ट्राइबुनलले आफुलाई उचित लागेको जुनसुकै स्थानमा वा जुनसुकै तरिका अपनाई छलफल राख्न सक्नेछ ।

५. पक्षहरुले अन्यथा सहमति गरेकोमा बाहेक मध्यस्थ ट्राइबुनलले आवश्यक ठाने अनुसार कार्यविधिगत आदेश (Procedural Order) गर्न वा प्रश्नसुची जारी गर्न, कार्यक्षेत्रगत शर्तहरु (terms of reference) तयार गर्न वा सुनुवाई पुर्वका छलफल राख्न सक्नेछ । मध्यस्थ ट्राइबुनलको अन्य सदस्यहरुको अख्तियारीमा मुख्य मध्यस्थले मध्यस्थको कारवाहीको प्रक्रियागत व्यवस्थाका सम्बन्धमा आफ्नो स्वविवेकले निर्णय गर्न सक्नेछ ।

धारा ३६ मौखिक सुनुवाईको स्थान

१. यी नियमहरुको धारा ८२ को खण्ड ३ मा उल्लेख गरिएको अवस्थामा बाहेक पक्षहरुले मौखिक सुनुवाईका लागि सहमति जनाएको स्थानमा नै विवादको मौखिक सुनुवाई हुनेछ ।

२. पक्षहरुले अन्यथा सहमति जनाएकोमा बाहेक मध्यस्थता अदालतले व्यवस्थापन गर्ने विवादको मौखिक सुनुवाईको स्थान बेईजिंग हुनेछ वा विवादको व्यवस्थापन गर्ने उप-आयोग/ मध्यस्थता केन्द्र अवस्थित रहेको स्थानमा हुनेछ वा मध्यस्थ ट्राइबुनलले आवश्यक ठानेको र मध्यस्थता अदालतको अध्यक्षले अनुमति दिएको भएमा कुनै अन्य स्थानमा मौखिक सुनुवाई हुनेछ ।

धारा ३७ मौखिक सुनुवाईको सूचना

१. विवादको जाँचबुझ मौखिक सुनुवाई गरी हुने भएमा पक्षहरुलाई पहिलो मौखिक सुनुवाईको सूचना सुनुवाई हुने मितिभन्दा कम्तिमा बीस (२०) दिन अगाडि दिनु पर्नेछ । कुनै पक्षले मनासिव कारण देखाई सुनुवाई स्थगित गर्नका लागि अनुरोध गर्न सक्नेछ। तर त्यस्तो अनुरोध पक्ष आफुले मौखिक सुनुवाईको सूचना प्राप्त गरेको मितिले पाँच (५) दिनभित्र मध्यस्थ ट्राइबुनलसमक्ष लिखित रुपमा गर्नुपर्नेछ । सुनुवाई स्थगित गर्ने, नगर्ने भन्ने विषयमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ।

२. कुनै पक्षले माथि खण्ड १ मा उल्लेख भए बमोजिम मौखिक सुनुवाई स्थगितका लागि अनुरोध गर्न असमर्थ भएको मनासिव कारण देखाएमा त्यस्तो अनुरोध स्वीकार गर्ने, नगर्ने विषयमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ।

३. स्थगित पछिको मौखिक सुनुवाईको सूचना, मौखिक सुनवाई स्थगित भएको सूचना लगायत त्यस्तो मौखिक सुनुवाई स्थगित गर्ने अनुरोध माथि खण्ड १ मा तोकिएको समयावधिको अधिनमा रहने छैन ।

धारा ३८ गोपनियता

१. सुनुवाई गोप्य रुपमा हुनेछ । दुवै पक्षहरुले खुल्ला रुपमा सुनुवाई गर्नका लागि अनुरोध गरेमा सो विषयमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ ।

२. गोप्य रुपमा सुनुवाई गरिएको विवादमा विवादका पक्ष तथा तिनका प्रतिनिधि, मध्यस्थहरु, साक्षीहरु, अनुवादक, मध्यस्थ ट्राइबुनलले परामर्श गरेका विज्ञ, मध्यस्थ ट्राइबुनलले नियुक्त गरेका विशेषज्ञ र सम्बन्धित अन्य व्यक्तिहरुले विवादसंग सम्बन्धित कुनै पनि किसिमका सारवान वा कार्यविधिगत कुराहरु कुनै बाहिरी व्यक्तिसमक्ष खुलाउने छैनन्।

दफा ३९ एकतर्फी निर्णय

१. दावीकर्ताले मौखिक सुनुवाईका दिन पर्याप्त कारण विना सुनुवाईमा अनुपस्थित भएमा वा मध्यस्थ ट्राइबुनलको अनुमति बिना चलिरहेको सुनुवाईबाट बाहिर निस्किएमा दावीकर्ताले मध्यस्थताको अनुरोध फिर्ता लिएको मान्न सिकनेछ । त्यस्तो अवस्थामा प्रत्यार्थीले प्रतिदावी पेश गरेको भए मध्यस्थ ट्राइबुनलले प्रतिदावी तर्फको सुनुवाई अगाडि बढाई एकतर्फी (default) निर्णय गर्नसक्नेछ।

२. प्रत्यार्थीले मौखिक सुनुवाईका दिन पर्याप्त कारण विना सुनुवाईमा अनुपस्थित भएमा वा मध्यस्थ ट्राइबुनलको अनुमति बिना चलिरहेको सुनुवाईबाट बाहिर निस्किएमा मध्यस्थले मध्यस्थता कारवाही अगाडी बढाई एकतर्फी (default) निर्णय गर्नसक्नेछ । त्यस्तो अवस्थामा प्रत्यार्थीले प्रतिदावी पेश गरेको भए निजले त्यस्तो प्रतिदाबी समेत फिर्ता लिएको मानिनेछ।

धारा ४० मौखिक सुनुवाईको अभिलेख

१. मध्यस्थ ट्राइबुनलले मौखिक सुनुवाईको लिखित र/वा श्रव्य दृश्य माध्यमबाट रेकर्ड गर्ने व्यवस्था गर्न सक्नेछ। मध्यस्थ ट्राइबुनलले आवश्यक ठानेमा मौखिक सुनुवाईको विवरण (माइनुट) खडा गरी त्यस्तो लिखित अभिलेख वा विवरण (माइनुट) मा सुनुवाईमा सहभागी पक्षहरु र/वा तीनका प्रतिनिधिहरु, साक्षीहरु र/वा सहभागी अन्य व्यक्तिहरुको हस्तक्षर र/वा छाप लगाई राख्न सक्नेछ।

२. मौखिक सुनुवाईको लिखित अभिलेख, माइनुट र श्रव्य दृश्य अभिलेख मध्यस्थ ट्राइबुनलको प्रयोग र रिफेरेन्सका लागि उपलब्ध हुनेछ ।

३. कुनै पक्षको अनुरोधमा मध्यस्थता अदालतले मध्यस्थताको विशेष परिस्थितिलाई ध्यानमा राखी मौखिक सुनुवाईको स्टेनोग्राफिक (stenographic) रेकर्डका लागि स्टेनोग्राफर (stenographer) संलग्न गराउने निर्णय गर्न सक्नेछ जसको खर्च पक्षहरुले बेहोर्नु पर्नेछ ।

धारा ४१ प्रमाण

१. प्रत्येक पक्षले आफ्नो दावी, प्रतिवाद वा प्रतिदावीलाई समर्थन हुने गरी आफुले उल्लेख गरेको तथ्य प्रमाणित गर्ने भार त्यस्तो पक्ष स्वयंको हुनेछ र आफ्ना राय, तर्क र प्रति-तर्कको आधार खुलाउनु पर्नेछ।

२. मध्यस्थ ट्राइबुनलले पक्षहरुलाई प्रमाण प्रस्तुत गर्नका लागि समय तोकिदिन सक्नेछ र त्यसरी तोकिएको समयावधि भित्र पक्षहरुले प्रमाण प्रस्तुत गर्नुपर्नेछ । त्यसरी तोकेको समयावधि समाप्त भए पछि प्रस्तुत हुन आएको प्रमाणलाई मध्यस्थ ट्राइबुनलले अस्विकार गर्न सक्नेछ । कुनै पक्षलाई उक्त तोकिएको समयमा प्रमाण प्रस्तुत गर्न कठिनाइ हुने भएमा त्यस्तो पक्षले प्रमाण प्रस्तुत गर्नका लागि तोकिएको समयावधि समाप्त हुनु अगावै थप समयका लागि अनुरोध गर्न सक्नेछ । समय थप गर्ने, नगर्ने सम्बन्धमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ ।

३. आफुले उल्लेख गरेको तथ्य प्रमाणित गर्नुपर्ने पक्षले तोकिएको समयावधि भित्र प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा वा प्रस्तुत गरिएको प्रमाण दावी वा प्रतिदावीलाई समर्थन गर्न पर्याप्त नभएकोमा, त्यस्तो पक्षले सोको परिणाम व्यहोर्नु पर्नेछ ।

धारा ४२ प्रमाणको परीक्षण

१. कुनै विवादको परिक्षण मौखिक सुनुवाईबाट गरिने भए त्यस्तो मौखिक सुनुवाईमा प्रमाण पेश गर्नुपर्नेछ र पक्षहरुले त्यस्तो प्रमाण जाँच गर्न सक्नेछन्।

२. कागजातहरुका आधारमा मात्र कुनै विवादमा निर्णय गरिनुपर्ने भए वा सुनुवाई पछि मात्र प्रमाण पेश गरिने भए र लिखित माध्यमबाट प्रमाणको जाँच गर्न दुवै पक्षको सहमति भएमा पक्षहरुले लिखित रुपमा प्रमाणको जाँच गर्न सक्नेछन्। त्यस्तो अवस्थामा पक्षहरुले मध्यस्थ

ट्राइबुनलले तोकेको समयावधिभित्र प्रमाणका सम्बन्धमा आ-आफ्नो राय लिखित रुपमा पेश गर्नुपर्नेछ।

धारा ४३ मध्यस्थ ट्राइबुनलले जाँचबुझ तथा प्रमाण सङ्कलन गर्ने

१. मध्यस्थ ट्राइबुनलले आवश्यकता अनुसार अनुसन्धान/ जाँचबुझ गर्ने तथा प्रमाण सङ्कलन गर्न सक्नेछ।

२. मध्यस्थ ट्राइबुनलले जाँचबुझ गर्दा र प्रमाण सङ्कलन गर्दा पक्षहरुलाई उपस्थित हुन सूचना दिन सक्नेछ। उपस्थित हुने सूचना पाएपछि पनि कुनै एक पक्ष वा दुवै पक्ष उपस्थित हुन नआएमा पनि त्यसले छानबिन तथा प्रमाण सङ्कलनको कार्यमा कुनै असर नगरी कारवाही अगाडी बढ्नेछ।

३. मध्यस्थ ट्राइबुनलले आफुले जाँचबुझ गरी सङ्कलन गरेको प्रमाण उपर पक्षहरुको प्रतिक्रियाका लागि पक्षहरुलाई पठाउनु पर्नेछ।

धारा ४४ विशेषज्ञको प्रतिवेदन तथा मूल्याङ्कनकर्ताको प्रतिवेदन

१. विवादको कुनै विशेष विषयबस्तुका सम्बन्धमा स्पष्ट पार्नका लागि मध्यस्थ ट्राइबुनलले विशेषज्ञहरूसँग परामर्श गर्न वा मूल्याङ्कनकर्ताहरू नियुक्त गर्न सक्नेछ। यस्तो विशेषज्ञ वा मूल्याङ्कनकर्ता चिनियाँ वा विदेशी संस्था वा प्राकृतिक व्यक्ति हुन सक्नेछ।

२. विशेषज्ञ वा मूल्याङ्कनकर्ताको परिक्षण, जाँचबुझ वा मूल्यांकनका लागि आवश्यक कुनै सान्दर्भिक सामग्री, कागजात, सम्पत्ति वा भौतिक वस्तुहरू विशेषज्ञ वा मूल्यांकनकर्ता समक्ष पेश गर्न अनुरोध गर्ने अधिकार मध्यस्थ ट्राइबुनलमा हुनेछ र त्यस्तो अनुरोध सम्बन्धित पक्षलाई बाध्यकारी हुनेछ।

३. विशेषज्ञको प्रतिवेदन र मूल्याङ्कनकर्ताको प्रतिवेदनका प्रतिहरू पक्षहरूको प्रतिक्रियाका लागि निजहरुलाई पठाइनेछ। कुनै पक्षको अनुरोध र मध्यस्थ ट्राइबुनलको स्वीकृतिमा विशेषज्ञ वा

मूल्याङ्कनकर्ताले मौखिक सुनुवाइमा भाग लिनेछन् र मध्यस्थ ट्राइबुनलले आवश्यक ठानेमा प्रतिवेदनका सम्बन्धमा स्पष्टीकरण दिनेछन् ।

धारा ४५ मध्यस्थता कारवाहीको निलम्बन

१. पक्षहरुले मध्यस्थता कारवाहीको निलम्बनका लागि संयुक्त वा छुट्टाछुट्टै अनुरोध गरेमा वा त्यस्तो निलम्बन आवश्यक रहेको अवस्थामा मध्यस्थता कारवाही निलम्बन गर्न सकिनेछ ।

२. त्यस्तो निलम्बन गर्नुको कारण कायम नरहेमा वा निलम्बनको अवधि समाप्त भएको खण्डमा मध्यस्थताको कारवाही पुन: सुचारु हुनेछ ।

३. मध्यस्थता कारवाही निलम्बन गर्ने नगर्ने वा पुन: सुचारु गर्ने नगर्ने भन्ने निर्णय मध्यस्थ ट्राइबुनलले गर्नेछ। मध्यस्थ ट्राइबुनलको गठन भई नसकेको अवस्थामा मध्यस्थता अदालतको अध्यक्षद्वारा त्यस्तो निर्णय गरिनेछ ।

धारा ४६ विवाद फिर्ता लिने तथा खारेज गर्ने

१. कुनै पक्षले आफ्ना दावी वा प्रतिदावी पूर्ण रुपमा फिर्ता लिन सक्नेछ। दावीकर्ताले आफ्नो दावी सम्पूर्ण रुपमा फिर्ता लिएमा मध्यस्थ ट्राइबुनलले प्रतिदावी जाँचबुझको कारवाही अगाडी बढाउन र त्यस सम्बन्धमा निर्णय गर्न सक्नेछ। प्रत्यार्थीले आफ्नो प्रतिदावी पूर्ण रुपमा फिर्ता लिएमा मध्यस्थ ट्राइबुनलले दावीको जाँचबुझको कारवाही अगाडी बढाउन र त्यस सम्बन्धमा निर्णय गर्न सक्नेछ।

२. कुनै पक्षको कारणले मध्यस्थता कारवाही अगाडी बढ्न नसकेको अवस्थामा उक्त पक्षले आफ्नो दावी वा प्रतिदावी फिर्ता लिएको मानिनेछ।

३. दावी तथा प्रतिदावीहरु पूर्ण रुपमा फिर्ता लिईएको अवस्थामा उक्त विवाद खारेज हुन सक्नेछ। मध्यस्थ ट्राइबुनलको गठन हुनुपूर्व विवाद खारेज गर्नुपरेमा सो सम्बन्धमा मध्यस्थता अदालतको अध्यक्षले निर्णय गर्नेछ । मध्यस्थ ट्राइबुनलको गठन पश्चात विवाद खारेज गर्नुपरेमा सो सम्बन्धमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ।

४. यी नियमहरुको धारा ६ को खण्ड ३ र खण्ड ७ मा उल्लेख भए बमोजिम खारेजीको निर्णयमा सिटाकको छाप लगाउनु पर्नेछ।

धारा ४७  मध्यस्थता सँगै मेलमिलाप

१. दुवै पक्ष मेलमिलाप गर्न इच्छुक रहेको वा एक पक्ष मेलमिलाप गर्न इच्छुक रहेको र त्यसमा मध्यस्थ ट्राइबुनलले अर्को पक्षको पनि सहमति जुटाएमा मध्यस्थ ट्राइबुनलले मध्यस्थताको कारवाहीको सिलसिलामा विवादको मेलमिलाप गराउन सक्नेछ। पक्षहरु आफैँले पनि त्यस्तो विवाद समाधान गर्न सक्नेछन्।

२. दुवै पक्षको सहमतिमा मध्यस्थ ट्राइबुनलले आफुलाई उपयुक्त लागेको तरिका अपनाई विवादको मेलमिलाप गराउन सक्नेछ।

३. मेलमिलापको प्रक्रियामा कुनै एक पक्षले अनुरोध गरेमा वा मध्यस्थ ट्राइबुनललाई मेलमिलापको थप प्रयासहरु व्यर्थ हुने भन्ने लागेमा मध्यस्थ ट्राइबुनलले त्यस्तो मेलमिलाप प्रक्रिया अन्त्य गर्न सक्नेछ।

४. मध्यस्थ ट्राइबुनल मार्फत मेलमिलापबाट वा आफैँले विवादको समाधान गरेमा पक्षहरुले विवाद समाधान सम्झौतामा सहीछाप गर्नेछन्।

५. मध्यस्थ ट्राइबुनलमार्फत मेलमिलापबाट वा आफैँले विवाद समाधान सम्झौता गरी विवादको समाधान गरेमा पक्षहरुले आ-आफ्नो दावी वा प्रतिदावी फिर्ता लिन सक्नेछन् वा विवाद समाधान सम्झौताको सर्तअनुसार निर्णय दिन वा मेलमिलापको व्यहोरा उल्लेख गर्न मध्यस्थ ट्राइबुनलसमक्ष अनुरोध गर्न सक्नेछन्।

६. पक्षहरुले मेलमिलापको व्यहोरा उल्लेख गर्न अनुरोध गरेमा उक्त मेलमिलापको व्यहोरामा पक्षहरुको दावी तथा विवाद समाधान सम्झौताको सर्तहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ। त्यस्तो व्यहोरामा मध्यस्थहरुले हस्ताक्षर गरी  सिटाकको छाप लगाई दुवै पक्षहरुलाई दिनु पर्नेछ।

७. मेलमिलाप असफल भएमा मध्यस्थ ट्राइबुनलले मध्यस्थताको कारवाही पुन: सुरु गरी निर्णय गर्नेछ।

८. पक्षहरु मेलमिलाप गर्न चाहेको तर मध्यस्थ ट्राइबुनल मार्फत मेलमिलाप गर्न नचाहेको अवस्थामा सिटाकले दुवै पक्षको सहमतिमा आफुलाई उपयुक्त लागेको तरिका र कार्यविधि अपनाई पक्षहरुबीचको विवादको मेलमिलाप गराउन सहयोग गर्नेछ ।

९. मेलमिलाप सफल नभएको अवस्थामा मेलमिलापको प्रक्रियामा कुनै पक्षले व्यक्त गरेको राय, धारणा वा व्यहोरा र कुनै पक्षले वा मध्यस्थता ट्राइबुनलले स्वीकार वा अस्वीकार गरेको कुनै प्रस्ताव वा द्रिष्टिकोणलाई त्यसपछिको मध्यस्थताको कारवाहीको क्रममा, अदालती कारवाहीमा वा अन्य कुनै कारवाहीमा दावी प्रतिवाद वा प्रतिदावीको आधारको रुपमा कुनै पक्षले पनि प्रयोग गर्न पाउने छैन ।

१०. मध्यस्थताको प्रारम्भ हुनुपूर्व नै पक्षहरु आफैँले वार्ता वा मेलमिलापद्वारा विवाद समाधान सम्झौतामा पुगेको खण्डमा, कुनै पनि पक्षले दुवै पक्षहरुबीच सम्पन्न भएको सिटाकद्वारा मध्यस्थता  गर्ने व्यवस्था भएको मध्यस्थता संझौता तथा विवाद समाधान सम्झौताका आधारमा विवाद समाधान सम्झौताको सर्तहरु अनुसार मध्यस्थ निर्णय गर्ने गरी एक मध्यस्थ ट्राइबुनल गठन गरिदिन सिटाक समक्ष अनुरोध गर्न सक्नेछन्। पक्षहरुबीच अन्यथा सहमति भएकोमा बाहेक सिटाकको अध्यक्षले त्यस्तो मध्यस्थ ट्राइबुनल गठन गर्न एकल मध्यस्थ नियुक्त गर्नेछ जसले आफुलाई लागेको उचित प्रक्रिया अपनाई विवादको जाँचबुझ गर्ने र उपयुक्त समयमा निर्णय गर्नेछ । त्यसरी निर्णय गर्ने प्रक्रिया तथा समयावधीको विषयमा यी नियमहरुको अन्य प्रावधानहरु लागु हुने छैनन् ।

## परिच्छेद ३ मध्यस्थताको निर्णय

### धारा ४८ निर्णय गर्नुपर्ने समयावधि

१. मध्यस्थ ट्राइबुनल गठन भएको मितिले छ (६) महिनाभित्र मध्यस्थ ट्राइबुनलले निर्णय दिनु पर्नेछ।

२. मध्यस्थ ट्राइबुनलले अनुरोध गरेमा मध्यस्थता अदालतको अध्यक्षले समयावधि थप गर्न साँचै नै आवश्यक रहेको ठानेमा र समयावधि थप गर्ने कारण मनासिव भएमा समयावधि थप गर्न सक्नेछ।

३. माथिको खण्ड १ अनुसार समयावधि गणना गर्दा निलम्बन अवधिलाई समावेश गरिने छैन।

धारा ४९ निर्णय गर्ने

१. मध्यस्थ ट्राइबुनलले विवादको तथ्यहरु तथा सम्झौताका सर्तहरूको आधारमा कानून बमोजिम र अन्तर्राष्ट्रिय अभ्यासहरूलाई आधार लिई स्वतन्त्र र निष्पक्ष रही उचित र मनासिव निर्णय गर्नेछ।

२. विवादको विषयवस्तुका सम्बन्धमा लागू हुने कानूनको विषयमा पक्षहरू बीच सहमति भएकोमा पक्षहरूबीच भएको सम्झौता बमोजिम हुनेछ। त्यस्तो सम्झौताको नभएकोमा वा त्यस्तो सम्झौता बाध्यकारी रुपमा लागु हुने कानुनको व्यवस्थासँग बाझिएकोमा मध्यस्थ ट्राइबुनलले विवादको विषयवस्तुका सम्बन्धमा लागू हुने कानूनको निर्धारण गर्नेछ।

३. मध्यस्थ ट्राइबुनलले मध्यस्थको निर्णयमा दाबीहरु, विवादका तथ्यहरु, निर्णय गर्दा आधार लिइएका कारणहरु, निर्णयको परिणाम, मध्यस्थताको खर्चको बाँडफाँड तथा निर्णय गरिएको मिति र स्थान स्पष्ट उल्लेख गर्नु पर्नेछ। निर्णयमा विवादको तथ्यहरु तथा निर्णय गर्दा आधार लिइएका कारणहरु खुलाउनु नपर्ने भनी पक्षहरुबीच सहमति भएको वा पक्षहरुबीच सम्पन्न भएको विवाद समाधान सम्झौताको सर्तहरु अनुसार निर्णय गरिएकोमा मध्यस्थताको निर्णयमा विवादको तथ्यहरु तथा निर्णय गर्दा आधार लिइएका कारणहरु खुलाइने छैन। पक्षहरुले निर्णय कार्यन्वयन गरिसक्नु पर्ने समयावधि तोक्ने तथा त्यस्तो समयावधिभित्र कार्यान्वयन गर्न असमर्थ भएमा उत्पन्न हुने दायित्वहरुको निर्धारण गर्ने अधिकार मध्यस्थ ट्राइबुनलसंग हुनेछ।

४. मध्यस्थता निर्णयमा सिटाकको छाप लगाउनु पर्नेछ।

५. तीन जना मध्यस्थहरू रहने गरी गठन भएको मध्यस्थ ट्राइबुनलले जाँचबुझ गरेको विवादमा तीनै जना मध्यस्थहरुबाट वा बहुमत मध्यस्थहरूद्वारा निर्णय गरिनेछ। लिखित फरक रायलाई फाइलसँगै राखिने छ र निर्णयसँग संलग्न गर्न सकिनेछ। त्यस्तो फरक रायलाई निर्णयको अंश मानिने छैन।

६. मध्यस्थ ट्राइबुनल बहुमतको निर्णयमा पुग्न नसकेको अवस्थामा मुख्य मध्यस्थको रायलाई मध्यस्थताको निर्णय मानिनेछ। अन्य मध्यस्थहरुको लिखित रायहरु फाइलसँगै राखिनेछ र निर्णयसँगै संलग्न गर्न सकिनेछ। त्यस्ता लिखित फरक रायलाई निर्णयको अंश मानिने छैन।

७. मध्यस्थताको निर्णय मुख्य मध्यस्थ वा एकल मध्यस्थको रायअनुसार तयार भई निजले हस्ताक्षर गर्नेमा बाहेक मध्यस्थताको निर्णयमा बहुमत मध्यस्थहरुद्वारा हस्ताक्षर गरिनेछ। फरक राय दिने मध्यस्थले निर्णयमा आफ्नो नाममा हस्तक्षर गर्न वा नगर्न पनि सक्नेछन्।

८. निर्णय गरिएको मितिलाई नै सो निर्णय प्रारम्भ हुने मिति मानिनेछ।

९. मध्यस्थताको निर्णय दुवै पक्षको लागि अन्तिम र बाध्यकारी हुनेछ । कुनै पनि पक्षले उक्त निर्णयको पुनरावलोकनका लागि कुनै अदालतमा मुद्धा दायर गर्न वा कुनै अन्य संस्थामा अनुरोध गर्न पाउने छैन।

धारा ५० आंशिक निर्णय

१. मध्यस्थ ट्राइबुनलले आवश्यक ठानेमा वा कुनै पक्षले अनुरोध गरेमा र मध्यस्थ ट्राइबुनलले सहमति जनाएमा मध्यस्थ ट्राइबुनलले अन्तिम निर्णय गर्नु अगाडी दावीको कुनै अंशका सम्बन्धमा आंशिक निर्णय गर्न सक्नेछ । त्यस्तो आंशिक निर्णय दुवै पक्षको लागि अन्तिम र बाध्यकारी हुनेछ।

२. कुनै पक्षले आंशिक निर्णयको कार्यान्वयन नगरेको कारणले मात्र मध्यस्थता कारवाहीमा असर पार्ने वा मध्यस्थ ट्राइबुनललाई अन्तिम निर्णय दिन रोक लगाउने छैन।

धारा ५१ निर्णयको मस्यौदाको अवलोकन

मध्यस्थ ट्राइबुनलले निर्णयमा हस्ताक्षर गर्नुपूर्व निर्णयको मस्यौदाको अवलोकनका लागि सिटाकसमक्ष पेश गर्नुपर्नेछ। सिटाकले मध्यस्थ ट्राइबुनलको निर्णय गर्ने स्वतन्त्रतामा असर नपर्ने गरी निर्णयमा समेटिएका विषयहरुमा मध्यस्थ ट्राइबुनलको ध्यानाकर्षण गर्न सक्नेछ।

धारा ५२ शुल्कहरुको  बाँडफाँड

१. मध्यस्थ ट्राइबुनललाई मध्यस्थको निर्णयमा पक्षहरुले भुक्तान गर्नुपर्ने मध्यस्थको शुल्क तथा सिटाकलाई भुक्तानी गर्नुपर्ने अन्य खर्चहरुको निर्धारण गर्नसक्ने अधिकार हुनेछ।

२. विवादको अवस्थालाई विचार गरी जित्ने पक्षले विवाद समाधानको सिलसिलामा व्यहोर्नु परेको मनासिव खर्च हार्ने पक्षले जित्ने पक्षलाई भराउने गरी मध्यस्थताको निर्णयमा निर्णय गर्ने अधिकार मध्यस्थता ट्राइबुनलसंग हुनेछ। जित्ने पक्षले विवाद समाधानको सिलसिलामा व्यहोर्नु परेको खर्च मनासिव छ, छैन भनी निर्णय गर्दा मध्यस्थ ट्राइबुनलले विवादको परिणाम र जटिलता, जित्ने पक्ष र/वा निजको प्रतिनिधि(हरु)को कार्यभार, विवादित रकम आदि जस्ता विभिन्न कुराहरुलाई विचार गर्नु पर्नेछ।

धारा ५३  निर्णयको त्रुटी सच्याउने

१. मध्यस्थको निर्णय भएको मनासिव समयावधिसम्म मध्यस्थ ट्राइबुनल आफैले निर्णयको कुनै लेखाई, टाइपिङ्ग वा गणितीय त्रुटी वा यस्तै प्रकृतिका अन्य त्रुटीहरु लिखितरुपमा सच्याउन सक्नेछ।

२. मध्यस्थको निर्णय प्राप्त गरेको मितिले तीस (३०) दिनभित्र कुनै पक्षले मध्यस्थको निर्णयमा भएको कुनै लेखाई, टाइपिङ्ग वा गणितीय त्रुटी वा यस्तै प्रकृतिका अन्य त्रुटीहरु सच्याउन अनुरोध गर्न सक्नेछ। मध्यस्थ निर्णयमा त्यस्तो त्रुटी भएको पाइएमा मध्यस्थ ट्राइबुनलले त्यस्तो त्रुटी सच्याउन अनुरोध प्राप्त गरेको मितिले तीस (३०) दिनभित्र लिखित रुपमा त्रुटी सच्याउनु पर्नेछ।

३. माथि उल्लेख भए बमोजिम लिखित रुपमा त्रुटि सच्याइएकोमा उक्त कागजात मध्यस्थको निर्णय कै अङ्ग मानिनेछ र यी नियमहरुको धारा ४९ को खण्ड ४ देखि ९ सम्मको प्रावधानहरुको अधिनमा रहनेछ।

धारा ५४ थप निर्णय

१. मध्यस्थ ट्राइबुनलले निर्णय गर्नुपर्ने कुनै विषय मध्यस्थको निर्णयमा समावेश गर्न छुटेको पाइएमा मध्यस्थको निर्णय भएको मनासिव समयभित्र मध्यस्थ ट्राइबुनल आफैले थप निर्णय गर्न सक्नेछ।

२. कुनै पक्षले मध्यस्थताको कारवाहीमा आफुले लिएको कुनै दाबी वा प्रतिदाबी मध्यस्थको निर्णयमा समावेश गर्नबाट छुटेको पाएमा त्यस्तो पक्षले मध्यस्थको निर्णय प्राप्त गरेको मितिले तीस (३०) दिनभित्र थप निर्णयका लागि मध्यस्थ ट्राइबुनल समक्ष लिखित रुपमा अनुरोध गर्न सक्नेछ। मध्यस्थ निर्णयमा त्यस्तो विषय छुटेको पाइएमा मध्यस्थ ट्राइबुनलले त्यस्तो थप निर्णयको लिखित अनुरोध प्राप्त गरेको मितिले तीस (३०) दिनभित्र थप निर्णय गर्नु पर्नेछ।

३. त्यस्तो थप निर्णय मध्यस्थको निर्णयको अङ्ग मानिनेछ र यी नियमहरुको धारा ४९ को खण्ड ४ देखि ९ को प्रावधानहरुको अधिनमा रहनेछ।

धारा ५५ निणर्यको कार्यान्वयन/परिपालाना

१. पक्षहरुले मध्यस्थको निर्णयमा उल्लेखित समयावधिभित्र मध्यस्थको निर्णय कार्यान्वयन गर्नुपर्नेछ। मध्यस्थको निर्णयमा निर्णय कार्यान्वयनको समयावधि उल्लेख नभएको खण्डमा पक्षहरुले तत्काल निर्णयको कार्यान्वयन गर्नु पर्नेछ।

२. कुनै पक्ष निर्णय कार्यान्वयन गर्न असमर्थ भएमा अर्को पक्षले कानुन बमोजिम निर्णयको कार्यान्वयन गर्न सक्षम अदालतसमक्ष निवेदन गर्न सक्नेछ।

परिच्छेद ४ संक्षिप्त कार्यविधि

धारा ५६  लागु हुने

१. पक्षहरुले अन्यथा सहमती गरेकोमा बाहेक विवादित रकम आर. एम. बि. ५०,००,००० (चिनियाँ यूयान पचास लाख) भन्दा बढी नभएमा वा विवादित रकम आर. एम. बि. ५०,००,००० (चिनियाँ यूयान पचास लाख) भन्दा बढी भएको अवस्थामा पनि कुनै एक पक्षले संक्षिप्त कार्यविधि

अनुसार मध्यस्थताका लागि अनुरोध गरेको र अर्को पक्षले लिखित सहमति जनाएको भएमा वा दुवै पक्षले संक्षिप्त कार्यविधि अपनाउन सहमति गरेको भएमा  संक्षिप्त कार्यविधि लागु हुनेछ ।

२. विवादमा मौद्रिक दावी नरहेको वा विवादित रकम स्पष्ट नरहेको अवस्थामा सिटाकले विवादको जटिलता र विवादमा जोडिएको स्वार्थ लगायतका तर यतिमा मात्र सिमित नहुने सम्बन्धित कुराहरु पूर्ण रुपमा विचार गरी संक्षिप्त कार्यविधि लागु गर्ने, नगर्ने विषयको निर्धारण गर्नेछ।

धारा ५७ मध्यस्थताको सूचना

जाँचबुझ पश्चात संक्षिप्त कार्यविधि अन्तर्गत मध्यस्थताका लागि दावीकर्ताको मध्यस्थताको निवेदन    स्वीकार गरिएमा मध्यस्थता अदालतले दुवै पक्षलाई मध्यस्थताको सूचना पठाउनेछ।

धारा ५८ मध्यस्थ ट्राइबुनलको गठन

पक्षहरुबीच अन्यथा सहमति भएकोमा बाहेक यी नियमहरुको धारा २८ बमोजिम संक्षिप्त कार्याविधि  अन्तर्गत विवादको सुनुवाई गर्ने भएमा एकल मध्यस्थको ट्राइबुनल गठन हुनेछ।

धारा ५९ प्रतिवाद र प्रतिदावी

१.  प्रत्यार्थीले मध्यस्थताको सूचना प्राप्त गरेको मितिले बीस (२०) दिनभित्र आफ्नो प्रतिवाद, प्रमाण र समर्थन गर्ने अन्य कागजातहरु पेश गर्नुपर्नेछ। कुनै प्रतिदावी रहेको भए सोहि समयावधि भित्र त्यस्तो प्रतिदाबीलाई प्रमाणित गर्ने प्रमाण तथा समर्थन गर्ने कागजातहरु पेश गर्नु पर्नेछ।

२. दावीकर्ताले प्रत्यार्थीको प्रतिदावी र संलग्न कागजात प्राप्त गरेको मितिले बीस (२०) दिनभित्र प्रतिदाबी उपर आफ्नो प्रत्युक्ति पेश गर्नुपर्नेछ।

३. कुनै पक्षसंग समयावधि थप गर्न अनुरोध गर्ने मनासिव कारणहरु भएमा त्यस्तो समयावधि थप गर्ने, नगर्ने सम्बन्धमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ। मध्यस्थ ट्राइबुनल गठन भई नसकेको अवस्थामा मध्यस्थता अदालतले त्यस्तो निर्णय गर्नेछ।

धारा ६० सुनुवाईको प्रक्रिया

मध्यस्थ ट्राइबुनलले आफुलाई उचित लागेको तरिका अपनाई विवादको जाँचबुझ गर्न सक्नेछ । मध्यस्थ ट्राइबुनलले पक्षहरुको राय सुनी विवादलाई पक्षहरुले पेश गरेको लिखित सामग्री र प्रमाणको आधारमा मात्र जाँचबुझ गर्ने वा मौखिक सुनुवाई गरेर सो को आधारमा विवादको जाँचबुझ गर्ने भन्ने विषयमा निर्णय गर्न सक्नेछ।

धारा ६१ मौखिक सुनुवाईको सूचना

१. मौखिक सुनुवाईद्वारा जाँचबुझ हुने विवादका लागि मध्यस्थ ट्राइबुनलले पहिलो मौखिक सुनुवाईको मिति तोके पश्चात पक्षहरुलाई कम्तिमा पन्ध्र (१५) दिन अगावै उक्त मौखिक सुनुवाईको सूचना दिनुपर्नेछ। कुनै पक्षसँग मनासिव कारण भएमा मौखिक सुनुवाई स्थगित गर्नका लागि अनुरोध गर्न सक्नेछ। तर त्यस्तो पक्षले मौखिक सुनुवाईको सूचना प्राप्त गरेको मितिले तीन (३) दिनभित्र लिखित रुपमा त्यस्तो अनुरोध गर्नुपर्नेछ। मौखिक सुनुवाई स्थगित गर्ने, नगर्ने सम्बन्धमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ ।

२. कुनै पक्षसँग माथि खण्ड १ मा उल्लेख भए बमोजिम मौखिक सुनुवाई स्थगित गर्न निवेदन पेश गर्न असमर्थ भएको मनासिव कारण भएमा त्यस्तो अनुरोध स्वीकार गर्ने, नगर्ने विषयमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ।

३. स्थगित भएपछिको मौखिक सुनुवाईको सूचना, मौखिक सुनवाई स्थगित भएको सूचना साथसाथै त्यस्तो मौखिक सुनुवाई स्थगित गर्नका लागि गरिने अनुरोधका सम्बन्धमा माथि खण्ड १ मा तोकिएको समयावधि लागु हुने छैन।

धारा ६२ निर्णय गर्नुपर्ने समयावधि

१. मध्यस्थ ट्राइबुनलले मध्यस्थ ट्राइबुनल गठन भएको मितिले तीन (३) महिनाभित्र मध्यस्थको निर्णय गर्नुपर्नेछ।

२. मध्यस्थ ट्राइबुनलको अनुरोधमा मध्यस्थता अदालतको अध्यक्षले समयावधि थप गर्न साँच्चै नै आवश्यक रहेको र समयावधि थप गर्नुपर्ने कारणहरु साँच्चै नै मनासिव रहेको ठानेमा त्यस्तो समयावधि थप गर्न सक्नेछ।

३. माथि खण्ड १ मा उल्लेख भए बमोजिम समयावधिको गणना गर्दा कुनै पनि निलम्बन गरिएको समयलाई समावेश गरिने छैन।

धारा ६३ कार्यविधिमा फेरवदल

दावीमा गरिएको कुनै संशोधन वा प्रतिदावी पेश गरेको कार्यले संक्षिप्त कार्यविधिमा कुनै असर पार्ने छैन। संशोधित दावी वा प्रतिदावीमा उल्लेख भएको विवादित रकम आर. एम. बि. ५०,००,००० (पचास लाख चिनियाँ युयान) भन्दा बढि हुने भएमा सामान्य कार्यविधिमा फेरबदल गर्नु आवश्यक भएको भनी पक्षहरुवीच सहमती भएमा वा मध्यस्थ ट्राइबुनलले त्यस्तो ठानेमा बाहेक संक्षिप्त कार्यविधि नै निरन्तर लागु हुनेछ ।

धारा ६४ अन्य नियमहरु सम्बन्धमा

यस परिच्छेदमा नसमेटिएका विषयहरुका सम्बन्धमा यी नियमहरुका अन्य परिच्छेदहरुमा रहेका सम्बन्धित प्रावधानहरु लागु हुनेछन्।

परिच्छेद ५  स्वदेशी मध्यस्थता सम्बन्धी विशेष प्रावधानहरु

धारा ६५  लागु हुने

१. यस परिच्छेदका प्रावधानहरु स्वदेशी मध्यस्थता विवादहरुका सम्बन्धमा लागू हुने छन्।

२. स्वदेशी मध्यस्थताको कुनै विवाद यी नियमहरुको धारा ५६ अन्तर्गत पर्ने भए त्यस्तो मध्यस्थतामा परिच्छेद ४ मा रहेको संक्षिप्त कार्यविधिसम्बन्धी प्रावधानहरु लागू हुनेछन्।

धारा ६६ विवाद स्वीकार गर्ने

१. मध्यस्थका लागि अनुरोध प्राप्त भए पश्चात मध्यस्थता अदालतले यी नियमहरुको धारा १२ मा उल्लेख गरिएको प्रक्रिया पुरा भएको पाएमा सोहि बमोजिम मध्यस्थता अदालतले त्यस्तो निवेदन प्राप्त गरेको मितिले पाँच (५) दिनभित्रमा पक्षहरुलाई सूचना दिनुपर्नेछ । मध्यस्थताका लागि गरिएको अनुरोध उक्त शर्तहरु बमोजिम भएको नपाइएमा मध्यस्थता अदालतले पक्षलाई कारण खुलाई त्यस्तो अनुरोध इन्कार गरेको लिखित रुपमा सूचना दिनुपर्नेछ ।

२. मध्यस्थताको अनुरोध प्राप्त भएपश्चात मध्यस्थता अदालतले जाँचबुझ गर्दा यी नियमहरुको धारा १२ मा उल्लेख गरिएको प्रक्रिया पुरा भएको नपाएमा, मध्यस्थता अदालतले दावीकर्तालाई तोकिएको समयावधि भित्र आवश्यक शर्तहरुको पालना गर्न अनुरोध गर्न सक्नेछ।

धारा ६७ मध्यस्थ ट्राइबुनलको गठन

मध्यस्थ ट्राइबुनलको गठन यी नियमहरुको धारा २५, २६, २७, २८, २९ र ३० बमोजिम हुनेछ।

धारा ६८ प्रतिवाद र प्रतिदावी

१. प्रत्यार्थी आफुले मध्यस्थताको सूचना प्राप्त गरेको मितिले बीस (२०) दिनभित्र आफ्नो प्रतिवाद, प्रमाण र समर्थन गर्ने अन्य कागजातहरु पेश गर्नुपर्नेछ। कुनै प्रतिदावी रहेको भए प्रमाण तथा अन्य समर्थन गर्ने कागजातहरु सहित उक्त समयावधि भित्रै पेश गर्नु पर्नेछ।

२. दावीकर्ताले प्रत्यार्थीको प्रतिदावी र संलग्न कागजात प्राप्त गरेको मितिले बीस (२०) दिनभित्र प्रतिदाबी उपर आफ्नो प्रत्युक्ति पेश गर्नुपर्नेछ।

३. कुनै पक्षसँग उक्त समयावधि थप गर्ने अनुरोध गर्ने मनासिव कारणहरु भएमा त्यस्तो समयावधि थप गर्ने, नगर्ने सम्बन्धमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ। मध्यस्थ ट्राइबुनल गठन भई नसकेको अवस्थामा मध्यस्थता अदालतले त्यस्तो निर्णय गर्नेछ।

## धारा ६९ मौखिक सुनुवाईको सूचना

१. मौखिक सुनुवाईद्वारा जाँचबुझ हुने विवादका लागि मध्यस्थ ट्राइबुनलले पहिलो मौखिक सुनुवाईको मिति तोके पश्चात पक्षहरुलाई कम्तिमा पन्ध्र (१५) दिन अगावै उक्त मौखिक सुनुवाईको सूचना दिनुपर्नेछ। कुनै पक्षसँग मुनासिव कारण भएमा मौखिक सुनुवाई स्थगित गर्नका लागि अनुरोध गर्न सक्नेछ। तर त्यस्तो पक्षले आफुले मौखिक सुनुवाईको सूचना प्राप्त गरेको मितिले तीन (३) दिनभित्र मध्यस्थता ट्राइबुनल समक्ष लिखित रुपमा त्यस्तो अनुरोध गर्नुपर्नेछ। मौखिक सुनुवाई  स्थगित गर्ने, नगर्ने सम्बन्धमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ ।

२. कुनै पक्षसँग माथि खण्ड १ मा उल्लेख भए बमोजिम मौखिक सुनुवाई स्थगित गर्न अनुरोध पेश गर्न नसक्नुको मनासिव कारण भएमा त्यस्तो अनुरोध स्वीकार गर्ने, नगर्ने विषयमा मध्यस्थ ट्राइबुनलले निर्णय गर्नेछ।

३.  स्थगित पछिको मौखिक सुनुवाईको सूचना, मौखिक सुनवाई स्थिगत भएको सूचना साथसाथै त्यस्तो मौखिक सुनुवाई स्थगितका लागि गर्ने अनुरोधको सम्बन्धमा माथि खण्ड १ मा तोकिएको समयावधि लागु हुने छैन।

## धारा ७० मौखिक सुनुवाईको अभिलेख

१. मध्यस्थ ट्राइबुनलले मौखिक सुनुवाईको लिखित अभिलेख राख्नेछ। मध्यस्थताको कुनै पक्ष वा सहभागीले आफुले भनेको कुनै व्यहोरा छुटेको वा अभिलेखमा गल्ति भएको पाएमा सो सच्याउन अनुरोध गर्न सक्नेछ। मध्यस्थ ट्राइबुनलले त्यस्तो अनुरोध अस्विकार गरेमा त्यस्तो कुरा फाइलसंगै अभिलेखमा राखिनेछ।

२. त्यस्तो लिखित अभिलेखमा मध्यस्थ(हरु), अभिलेख गर्ने व्यक्ति, पक्षहरु र मध्यस्थमा सहभागी अन्य व्यक्तिको हस्ताक्षर वा छाप लगाउनु पर्नेछ।

धारा ७१ निर्णय गर्नुपर्ने समयावधि

१. मध्यस्थ ट्राइबुनल गठन भएको मितिले चार (४) महिनाभित्र मध्यस्थ ट्राइबुनलले निर्णय दिनु पर्नेछ।

२. मध्यस्थ ट्राइबुनलले अनुरोध गरेमा मध्यस्थता अदालतको अध्यक्षले समयावधि थप गर्न साँचै नै आवश्यक रहेको ठानेमा र समयावधि थप गर्ने कारण साँच्चै नै उचित भएमा समयावधि थप गर्न सक्नेछ।

३. माथिको खण्ड १ अनुसार समयावधि गणना गर्दा निलम्बन अवधिलाई समावेश गरिने छैन।

धारा ७२ अन्य नियमहरु सम्बन्धमा

यस परिच्छेदमा नसमेटिएका विषयहरुका सम्बन्धमा परिच्छेद ६ का व्यवस्थाहरु बाहेक यी नियमहरुका अन्य परिच्छेदहरुमा रहेका सम्बन्धित प्रावधानहरु लागु हुनेछन्।

परिच्छेद ६ हङकङ मध्यस्थता सम्बन्धी विशेष प्रावधानहरु

धारा ७३ लागु हुने

१. सिटाकले हङकङ विशेष प्रशासनिक क्षेत्रमा सिटाक हङकङ मध्यस्थता केन्द्र स्थापना गरको छ। सिटाक हङकङ मध्यस्थता केन्द्रले हेर्ने र व्यवस्थापन गर्ने मध्यस्थता सम्बन्धी विवादहरुमा यस परिच्छेदका प्रावधानहरु लागू हुनेछन्।

२. मध्यस्थताका लागि सिटाक हङकङ मध्यस्थता केन्द्रमा विवाद पेश गर्ने गरि वा हङकङमा मध्यस्थता गर्नका लागि सिटाकमा विवाद पेश गर्ने गरी पक्षहरुबीच सहमति भएमा सिटाक हङकङ मध्यस्थता केन्द्रले त्यस्तो मध्यस्थताको निवेदन स्वीकार गरी विवाद व्यवस्थापन गर्नेछ।

धारा ७४ मध्यस्थताको स्थान र मध्यस्थता कारवाहीमा लागु हुने कानुन

सिटाक हङकङ मध्यस्थता केन्द्रले व्यवस्थापन गर्ने विवादको सम्बन्धमा पक्षहरुले अन्यथा सहमति गरेकोमा बाहेक मध्यस्थताको स्थान हङकङ हुनेछ र मध्यस्थता कारवाहीमा लागु हुने कानुन  हङकङको मध्यस्थता सम्बन्धी कानुन हुनेछ र मध्यस्थको निर्णय हङकङ मध्यस्थको निर्णय हुनेछ।

धारा ७५ क्षेत्राधिकार सम्बन्धी निर्णय

मध्यस्थता सम्झौता र/वा मध्यस्थता गर्नुपर्ने विवादमा क्षेत्राधिकार नभएका कुराको जिकिर लिँदा पहिलो सारभूत प्रतिवाद पेश गर्नुभन्दा पहिने नै लिखित रुपमा जिकिर लिनुपर्नेछ।

मध्यस्थता सम्झौताको अस्तित्व र वैधता तथा मध्यस्थताको विवादमा आफ्नो क्षेत्राधिकार निर्धारण गर्ने अधिकार मध्यस्थ ट्राइबुनलमा हुनेछ।

धारा ७६ मध्यस्थको मनोनयन वा नियुक्ति

सिटाक हङकङ मध्यस्थता केन्द्रले व्यवस्थापन गर्ने मध्यस्थताको विवादहरुको सम्बन्धमा सिटाकको मध्यस्थहरुको मौजुदा प्यानललाई सिफारिस गरिनेछ। पक्षहरुले सिटाकको मध्यस्थहरुको प्यानलभन्दा बाहिरबाट मध्यस्थ मनोनयन गर्न सक्नेछन्। त्यसरी मनोनयन भएको मध्यस्थ सिटाकको अध्यक्षको स्वीकृतिको अधिनमा रहनेछन् ।

धारा ७७ अन्तरिम उपायहरु र आकस्मिक उपचारहरु

१. पक्षहरुबीच अन्यथा सहमति भएकामा बाहेक कुनै एक पक्षको अनुरोधमा उपयुक्त अन्तरिम उपाय सम्बन्धी आदेश गर्ने अधिकार मध्यस्थ ट्राइबुनलमा हुनेछ।

२. मध्यस्थ न्यायधिकरण गठन भई नसकेको अवस्थामा सिटाक आकस्मिक मध्यस्थ कार्यविधि (परिशिष्ट ३) अन्तर्गत कुनै पक्षले आकस्मिक उपचारको लागि अनुरोध गर्न सक्नेछ।

धारा ७८ निर्णयमा छाप लगाइने

मध्यस्थ निर्णयमा सिटाक हङकङ मध्यस्थता केन्द्रको छाप लगाइनेछ।

धारा ७९ मध्यस्थता खर्च

यस परिच्छेद अनुसार स्वीकार गरी व्यस्थापन गरिने मध्यस्थता विवादहरुमा सिटाक मध्यस्थता शुल्क अनुसूची ३ (परिशिष्ट २) लागू हुने छ।

धारा ८० अन्य नियमहरु सम्बन्धमा

यस परिच्छेदमा नसमेटिएका विषयहरुका सम्बन्धमा परिच्छेद ५ का प्रावधानहरु बाहेक यी नियमहरुका अन्य परिच्छेदहरुमा रहेका सान्दर्भिक प्रावधानहरु लागु हुनेछन्।

परिच्छेद ७   पूरक प्रावधानहरु

धारा ८१ भाषा

१. मध्यस्थताको भाषाका सम्बन्धमा पक्षहरुबीच सहमति भएकोमा सोहि बमोजिम हुनेछ। त्यस्तो सहमती नभएको अवस्थामा मध्यस्थताको कारवाहीमा चिनियाँ भाषा प्रयोग हुनेछ। विवादको अवस्थालाई  बिचार गरी सिटाकले मध्यस्थताको भाषा अन्य कुनै हुने गरी पनि तोक्न सक्नेछ।

२. कुनै पक्ष वा निजको प्रतिनिधि(हरु) वा साक्षी(हरु) लाई मौखिक सुनुवाईमा अनुवाद आवश्यक परेमा मध्यस्थता अदालत वा त्यस्तो पक्षद्वारा एक जना अनुवादकको व्यवस्था गरिनेछ।

३. मध्यस्थ ट्राइबुनल वा मध्यस्थता अदालतले आवश्यक ठानेमा पक्षहरुलाई निजहरुको कागजात र प्रमाणहरुको चिनियाँ वा अन्य भाषामा अनुवाद पेश गर्न लगाउन सक्नेछ।

धारा ८२ मध्यस्थता सम्बन्धी शुल्क तथा खर्चहरु

१. सिटाकले आफ्नो मध्यस्थता शुल्क अनुसूची बमोजिम लिने मध्यस्थता शुल्कका अतिरिक्त पक्षहरुलाई मध्यस्थको विशेष पारिश्रमिक, मध्यस्थको विवाद समाधानको सिलसिलामा निजहरुले व्यहोरेको यातायात तथा बसोबासको खर्च, स्टेनोग्राफरहरुको शुल्क लगायत मध्यस्थ ट्राइबुनलले नियुक्त गरेका विज्ञहरु, मूल्याङ्कनकर्ताहरु वा अनुवादकहरुको खर्च तथा लागत समेतका तर यतिमा मात्र सिमित नहुने अन्य कुनै थप तथा मनासिव वास्तविक खर्च वापतको शुल्क लगाउनेछ। मध्यस्थता अदालतले मध्यस्थ र सम्बन्धित पक्षहरुलाई बुझी सिटाक मध्यस्थता शुल्क अनुसूची ३ (परिशिष्ट २) मा उल्लेखित मध्यस्थको शुल्क तथा खर्चहरुको मापदण्डलाई आधार लिई मध्यस्थहरुको विशेष पारिश्रमिक निर्धारण गर्नेछ।

२. कुनै पक्षले मध्यस्थको मनोनयन गरेको तर सिटकले तोकिदिएको समयाविध भित्र त्यसरी मनोनयन गरेको मध्यस्थको विशेष पारिश्रमिक, यातायात तथा बसोवास जस्ता वास्तविक खर्चहरु वापतको रकम जम्मा नगरेको अवस्थामा त्यस्तो पक्षले मध्यस्थ मनोनयन गरेको मानिने छैन ।

३. पक्षहरू सिटाक वा यसका सम्बन्धित उप-आयोग/मध्यस्थता केन्द्र रहेको स्थान बाहेकका अन्य स्थानमा मौखिक सुनुवाई गर्न सहमति गरेमा सोका लागि लाग्ने यातायात तथा बसोवास जस्ता वास्तविक खर्च वापतको रकमको जम्मा गर्नुपर्नेछ। पक्षहरूले सिटाकले तोकेको समयावधिभित्र त्यस्तो जम्मा गर्न असफल भएमा सिटाक वा यसका सम्बन्धित उप-आयोग/मध्यस्थता केन्द्र रहेको स्थानमा मध्यस्थताको मौखिक सुनुवाइ हुनेछ।

४. पक्षहरूले मध्यस्थतामा दुई वा दुई भन्दा बढी भाषाहरूलाई प्रयोग गर्न सहमति गरेको भएमा वा पक्षहरू यी नियमहरुको धारा ५६ अनुसारको संक्षिप्त कार्यविधि लागू हुने विवादमा तीन जना मध्यस्थको ट्राइबुनल गठन गर्न सहमति गरेमा सिटाकले पक्षहरुलाई थप र मनासिव शुल्क लगाउन सक्नेछ ।

धारा ८३ व्याख्या

१. यी नियमहरुको धाराहरुका शीर्षकहरूलाई यी नियमहरुमा समावेश गरिएका प्रावधानहरूको व्याख्याको रूपमा लिइने छैन।

२. यी नियमहरुको व्याख्या सिटाकद्वारा गरिनेछ।

धारा ८४ लागू हुने समय

यी नियमहरु २०७१ साल पौष महिनाको २७ गते (तदनुसार १ जनवरी २०१५) देखि लागू हुनेछ। यी नियमहरु लागू हुनुपूर्व सिटाक वा यसका उप-आयोगहरू/ मध्यस्थता केन्द्रहरूद्वारा व्यवस्थापन गरिँदै आएका विवादहरूमा त्यस्तो विवाद स्वीकार गर्दाका बखत लागु रहेको मध्यस्थता नियमहरु लागू हुनेछ वा दुवै पक्षहरुको सहमति भएमा यी नियमहरु लागू हुनेछ।

**परिशिष्ट १**

**चीन अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारिक मध्यस्थता आयोग तथा सोको उप-आयोगहरु/मध्यस्थता केन्द्रहरूको डाइरेक्ट्री**

चीन अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारीक मध्यस्थता आयोग (सिटाक)

ठेगाना : 6/F, CCOIC Building, No.2 Huapichang Hutong, Xicheng District, Beijing, 10035, P.R. China

टेलिफोन नं. : ८६ १० ८२२१७७८८

फ्याक्स : ८६ १० ८२२१७७६६/६४६४३५००

इ-मेल : info@cietac.org

वेबसाइट : http://www.cietac.org

सिटाक दक्षिणी चीन उप-आयोग

ठेगाना : 14A01, Anlian Plaza, No.4018, Jintian Road, Futian District, Shenzhen 518026, Guangdong Province, P.R.China

टेलिफोन नं. : ८६ ७५५ ८२७९६७३९

फ्याक्स: ८६ ७५५ २३९६४१३०

इ-मेल : infosz@cietac.org

वेबसाइट: http://www.cietac.org

सिटाक शाङ्घाई उप-आयोग

ठेगाना : 18/F, Tomson Commercial Building, 710 Dongfang Road, Pudong New Area, Shanghai 200122, P.R.China

टेलिफोन नं. : ८६ २१ ६०१३७६८८

फ्याक्स: ८६ २१ ६०१३७६८९

इ-मेल : infosh@cietac.org

वेबसाइट: http://www.cietac.org

सिटाक ट्यांनजीन अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारीक मध्यस्थता केन्द्र (ट्यांनजीन उप-आयोग)

ठेगाना : 4/F, E2-ABC, Financial Street, No.20 Guangchangdong Road, Tianjin Economic-Technological Development Zone, Tianjin 300457, P.R.China

टेलिफोन नं. : ८६ २२ ६६२८५६८८

फ्याक्स: ८६ २२ ६६२८५६७८

इमेल : tianjin@cietac.org

वेबसाइट: http://www.cietac-tj.org

सिटाक दक्षिणपश्चिम उप-आयोग

ठेगाना: 1/F, Bld B, Caifu 3, Caifu Garden, Cai fu Zhongxin, Yubei,Chongqing 401121, China

टेलिफोन नं. : ८६ २३ ८६८७१३०७

फ्याक्स : ८६ २३ ८६८७११९०

इमेल : cietac-sw@cietac.org

वेबसाइट: http://www.cietac-sw.org

सिटाक हंग कंग मध्यस्थता केन्द्र

ठेगाना: Unit 4705, 47th Floor, Far East Finance Center, No.16 Harcourt Road, Hong Kong.

टेलिफोन नं. : ८५२ २५२९८०६६

फ्याक्स: ८५२ २५२९८२६६

इमेल : hk@cietac.org

वेबसाइट: http://www.cietachk.org

सिटाक झेजियाङ्ग उप-आयोग

ठेगाना : 10/F, Building A, Second light Industry Building, Yan'an Road, Hang zhou City 310006, Zhejiang Province, P.R. China

पि.सि : ३१०००६

टेलिफोन नं. : ०५७१-२८१६९००९

फ्याक्स : ०५७१-२८१६९०१०

इमेल : zn@cietac.org

वेबसाइट: http://www.cietac-zj.org

सिटाक हुबेइ उप-आयोग

ठेगाना : Floor11, Building B, Hubei Technology Innovation Towers, East Road Xiaohongshan34, Wuchang District, Wuhan City 430070, Hubei Province, P.R. China,

पि.सि. : ४३००७०

टेलिफोन नं. : ८६-०२७-८७६३९२९२

फ्याक्स: ८६-०२७-८७६३९२६९

इमेल : hb@cietac.org

वेबसाइट: http://www.cietac-hb.org

सिटाक फुजियान उप-समिति (फुजियान एफटिजेट् मध्यस्थता केन्द्र)

ठेगाना : Unit 706, Block B, Worldwide Plaza, 158 Wusi Road, Gulou District, Fuzhou City, Fujian Province.

पि.सि. : ३५०००३

टेलिफोन नं. : ०५९१-८७६००२७५

फ्याक्स: ०५९१-८७६००३३०

इमेल : cietac-fj@cietac.org

वेबसाइट: http://www.cietac-fj .org

सिटाक सिल्क रोड मध्यस्थता केन्द्र

ठेगाना : 26/F, Building 5, Digital China Industrial Park, No. 20 Zhangba Fourth Road, Xi'an Hi-Tech Zone, Xi'an 710075, Shanxi Province, P. R. China

पि.सि.: ७१००७५

सिटाक जियाङ्गसु मध्यस्थता केन्द्र

ठेगाना : 31/F Deji Mansion, No.188 Changjiang Road, Xuan Wu District, Nanjing City 210018,P.R. China

पि.सि.: २१०० १८

टेलिफोन नं. : ८६-२५-६९५१६३८८

फ्याक्स: ८६-२५-६९५१६३९०

इमेल : js@cietac.org

वेबसाइट: http://www.cietac-js.org

सिटाक सिचुवान उप-आयोग

ठेगाना : 18/F, Business & Innovation Centre for China-Europe Cooperation, No.1577 Tianfu Road Middle,Hight-Tech Zone,Chengdu, Sichuan Province

पि.सि. : ६१००४१

टेलिफोन नंः ०२८-८३३९४८१६

इमेलः sichuan@cietac.org

सिटाक शानडोङ उप-आयोग

ठेगानाः Rm 301, 304, Yinfeng Fortune Plaza B, No.1 Long'ao West Road, Jinan City 250102, Shandong Province, P.R. China

**परिशिष्ट २**

**चीन अन्तराष्ट्रिय आर्थिक तथा व्यापारिक मध्यस्थता आयोगको मध्यस्थता शुल्क**

**अनुसूची १**

(मध्यस्थता नियमहरुको धारा ३, खण्ड २ को, उप-खण्ड (क) र (ख) अन्तर्गत स्वीकार गरिएको मध्यस्थता विवादहरुमा यस शुल्क सम्बन्धी अनुसुची लागु हुनेछ ।)

| विवादित रकम (चिनिया युआन (RMB) मा) | मध्यस्थता शुल्क (चिनिया युआन (RMB) मा) |
|---|---|
| १,०००,००० सम्म | विवादित रकमको ४%, न्यूनतम १०,००० |
| १,०००,००१ देखि २,०००,००० | ४०,००० + १,०००,००० भन्दा माथिको रकमको ३.५% |
| २,०००,००१ देखि ५,०००,००० | ७५,००० + २,०००,००० भन्दा माथिको रकमको २.५% |
| ५,०००,००१ देखि १०,०००,००० | १५०,००० + ५,०००,००० भन्दा माथिको रकमको १.५% |
| १०,०००,००१ देखि ५०,०००,००० | २२५,००० + १०,०००,००० भन्दा माथिको रकमको १% |
| ५०,०००,००१ देखि १००,०००,००० | ६२५,००० + ५०,०००,००० भन्दा माथिको रकमको ०.५% |
| १००,०००,००१ देखि ५००,०००,००० | ८७५,००० + १००,०००,००० भन्दा माथिको रकमको ०.४८% |
| ५००,०००,००१ देखि १,०००,०००,००० | २,७९५,००० + ५००,०००,००० भन्दा माथिको रकमको ०.४७% |
| १,०००,०००,००१ देखि २,०००,०००,००० | ५,१४५,००० + १,०००,०००,००० भन्दा माथिको रकमको ०.४६% |
| २,०००,०००,००१ भन्दा माथी | ९,७४५,००० + २,०००,०००,००० भन्दा मथिको रकमको ०.४५%, अधिक्तम १५,०००,००० |

कुनै विवाद स्वीकार गरिएमा दर्ता शुल्क वापत थप चिनिया युआन (RMB) १०,००० शुल्क लाग्नेछ जसले मध्यस्थताको लागि दिएको निवेदनको जाँचबुझ खर्च, मध्यस्थता प्रक्रिया प्रारम्भ

गर्ने खर्च, कम्प्युटराइजिङ्ग व्यवस्थापन (computerizing management) गर्ने खर्च तथा कागजात दर्ता गर्ने खर्च समेत समावेश हुनेछ ।

यस अनुसूचीमा उल्लेख गरिएको विवादित रकम दाबीकर्ताले दाबी गरेको कुल रकममा आधारित हुनेछ । दाबी रकम वास्तविक विवादित रकम भन्दा फरक भएमा, वास्तविक विवादित रकम नै गणनाको आधार हुनेछ ।

मध्यस्थताको लागि निवेदन पेश गर्दाको समयमा विवादित रकम निश्चित नभएको, वा विशेष परिस्थितिहरू विद्यमान रहेको अवस्थामा मध्यस्थता शुल्क रकम सिटाकले निर्धारण गर्नेछ।

विदेशी मुद्रामा मध्यस्थता शुल्क लगाउनुपर्ने अवस्थामा, त्यस्तो विदेशी मुद्राको रकम यस अनुसूचीमा तोकिए बमोजिमको चिनिया युआन (RMB)  अनुरुपको रकम बराबर हुनेछ ।

यस अनुसूची बमोजिम मध्यस्थता शुल्क लगाउनुका अतिरिक्त सिटाकले मध्यस्थता नियमहरुको सम्बन्धित प्रावधानहरू बमोजिम अन्य थप तथा उचित वास्तविक खर्चहरू समेत उठाउन सक्नेछ।

**चीन अन्तराष्ट्रिय आर्थिक तथा व्यापारिक मध्यस्थता आयोगको मध्यस्थता शुल्क**

**अनुसूची २**

(मध्यस्थता नियमहरुको धारा ३, खण्ड २ को, उप-खण्ड (ग) अन्तर्गत स्वीकार गरिएको मध्यस्थता विवादहरुमा यस शुल्क सम्बन्धी अनुसुची लागु हुनेछ।)

१. दर्ता शुल्क

| विवादित रकम (चिनिया युआन (RMB) मा) | दर्ता शुल्क (चिनिया युआन (RMB) मा) |
|---|---|
| १,००० सम्म | न्युनतम १०० |
| १,००१ देखि ५०,००० | १०० + १,००० भन्दा माथिको रकमको ५% |
| ५०,००१ देखि १००,००० | २,५५० + ५०,००० भन्दा माथिको रकमको ४% |
| १००,००१ देखि २००,००० | ४,५५० + १००,००० भन्दा माथिको रकमको ३% |
| २००,००१ देखि ५००,००० | ७,५५० + २००,००० भन्दा माथिको रकमको २% |
| ५००,००१ देखि १,०००,००० | १३,५५० + ५००,००० भन्दा माथिको रकमको १% |
| १,०००,००१ भन्दा माथि | १८,५५० + १,०००,००० भन्दा माथिको रकमको ०.५% |

२. ह्यान्डलिङ शुल्क

| विवादित रकम (चिनिया युआन (RMB) मा) | ह्यान्डलिङ शुल्क (चिनिया युआन (RMB) मा) |
|---|---|
| २००,००० सम्म | न्युनतम ६,००० |
| २००,००१ देखि ५००,००० | ६,००० + २००,००० भन्दा माथिको रकमको २% |

| | |
|---|---|
| ५००,००१ देखि १,०००,००० | १२,००० + ५००,००० भन्दा माथिको रकमको १.५% |
| १,०००,००१ देखि २,०००,००० | १९,५०० + १,०००,००० भन्दा माथिको रकमको ०.५% |
| २,०००,००१ देखि ५,०००,००० | २४,५०० + २,०००,००० भन्दा माथिको रकमको ०.४५% |
| ५,०००,००१ देखि १०,०००,००० | ३८,००० + ५,०००,००० भन्दा माथिको रकमको ०.४% |
| १०,०००,००१ देखि २०,०००,००० | ५८,००० + १०,०००,००० भन्दा माथिको रकमको ०.३% |
| २०,०००,००१ देखि ४०,०००,००० | ८८,००० + २०,०००,००० भन्दा माथिको रकमको ०.२% |
| ४०,०००,००१ देखि १००,०००,००० | १२८,००० + ४०,०००,००० भन्दा माथिको रकमको ०.१५% |
| १००,०००,००१ देखि ५००,०००,००० | २१८,००० + १००,०००,००० भन्दा माथिको रकमको ०.१३% |
| ५००,०००,००१ भन्दा माथि | ७३८,००० + ५००,०००,००० भन्दा माथिको रकमको ०.१२% |

यस अनुसूचीमा उल्लेख गरिएको विवादित रकम दाबीकर्ताले दाबी गरेको कुल रकममा आधारित हुनेछ । यदि दाबी रकम वास्तविक विवादित रकम भन्दा फरक भएमा, वास्तविक विवादित रकम नै  गणनाको आधार हुनेछ ।

मध्यस्थताको लागि निवेदन पेश गर्दाको समयमा विवादित रकम निश्चित नभएको वा विशेष परिस्थिति विद्यमान रहेको अवस्थामा, दाखिला गर्नुपर्ने मध्यस्थता शुल्क विवादमा संलग्न निश्चित अधिकार तथा स्वार्थहरुलाई विचार गरी सिटाकले निर्धारण गर्नेछ ।

यस अनुसूची बमोजिम मध्यस्थता शुल्क लगाउनुका अतिरिक्त सिटाकले मध्यस्थता नियमहरुको सम्बन्धित प्रावधानहरू बमोजिम अन्य थप तथा उचित वास्तविक खर्चहरू समेत उठाउन सक्नेछ।

**चीन अन्तराष्ट्रिय आर्थिक तथा व्यापारीक मध्यस्थता आयोगको मध्यस्थता शुल्क**

**अनुसूची ३**

(मध्यस्थता नियमहरुको परिच्छेद ६ बमोजिम सिटाक हंग कंग मध्यस्थता केन्द्रद्वारा व्यवस्थापन गरिएको मध्यस्थता विवादहरुको हकमा यस शुल्क सम्बन्धी अनुसूची लागु हुनेछ)

१. दर्ता शुल्क

सिटाक हंग कंग मध्यस्थता केन्द्रमा मध्यस्थताको लागि निवेदन पेश गर्दा, दाबीकर्ताले हंग कंग डलर (एच्.के.डी.) ८,००० को दर्ता शुल्क भुक्तान गर्नुपर्नेछ जसमा मध्यस्थताको लागि दिने निवेदन जाँचबुझ गर्ने खर्च, मध्यस्थता प्रक्रिया प्रारम्भ गर्ने खर्च, कम्प्युटराइजिङ्ग व्यवस्थापन (computerizing management) गर्ने खर्च, कागजातहरू दर्ता गर्ने तथा श्रम सम्बन्धी खर्चहरु समेत समावेश हुनेछन्।

२. प्रशासनिक शुल्क

१. प्रशासनिक शुल्क तालिका

| विवादि रकम (हंग कंग डलर (HKD) मा) | प्रशासनिक शुल्क (हंग कंग डलर (HKD) मा) |
|---|---|
| ५००,००० सम्म | १६,००० |
| ५००,००१ देखि १,०००,००० | १६,००० + ५००,००० भन्दा माथिको रकमको ०.७८% |
| १,०००,००१ देखि ५,०००,००० | १९,९०० + १,०००,००० भन्दा माथिको रकमको ०.६५% |
| ५,०००,००१ देखि १०,०००,००० | ४५,९०० + ५,०००,००० भन्दा माथिको रकमको ०.३८% |

| | |
|---|---|
| १०,०००,००१ देखि २०,०००,००० | ६४, ९०० + १०,०००,००० भन्दा माथिको रकमको ०.२२% |
| २०,०००,००१ देखि ४०,०००,००० | ८६,९०० + २०,०००,००० भन्दा माथिको रकमको ०.१५% |
| ४०,०००,००१ देखि ८०,०००,००० | ११६,९०० + ४०,०००,००० भन्दा माथिको रकमको ०.०८% |
| ८०,०००,००१ देखि २००,०००,००० | १४८,९०० + ८०,०००,००० भन्दा माथिको रकमको ०.०५२% |
| २००,०००,००१ देखि ४००,०००,००० | २११,३०० + २००,०००,००० भन्दा माथिको रकमको ०.०४% |
| ४००,०००,००१ भन्दा माथि | २९१,३०० |

२. प्रशासनिक शुल्कले विवाद व्यवस्थापक (case manager) को पारिश्रमिक तथा सिटाक र/वा यसका उप-आयोगहरू/मध्यस्थता केन्द्रहरुको सुनुवाई कक्षहरु प्रयोग गर्दा लाग्ने शुल्कलाई समेट्दछ।

३. विवादित रकम निर्धारणको निमित्त दाबी तथा प्रतिदाबीलाई जोडिनेछ । मध्यस्थताको लागि निवेदन पेश गर्दाका बखत विवादित रकम निश्चित नभएको वा विशेष परिस्थितिहरू विद्यमान रहेको अवस्थामा, विवादको अवस्थालाई विचार गरी सिटाकले प्रशासनिक शुल्कको रकम निर्धारण गर्नेछ ।

४. यस तालिका बमोजिम प्रशासनिक शुल्क लगाउने बाहेक, सिटाक हंग कंग मध्यस्थता केन्द्रले मध्यस्थता नियमहरुको सम्बन्धीत प्रावधानहरू बमोजिम अनुवाद शुल्क, लिखित अभिलेख शुल्क, तथा सिटाक र/वा यसका उप-आयोगहरू/मध्यस्थता केन्द्रहरू बाहेकको सुनुवाई कक्ष प्रयोग गर्दाको खर्चहरुमा मात्र सिमित नहुने गरी अन्य अतिरिक्त तथा उचित वास्तविक खर्चहरु उठाउन सक्नेछ।

५. दर्ता शुल्क तथा प्रशासनिक शुल्क हंग कंग डलर (HKD) बाहेकको अन्य विदेशी मुद्रामा लगाउनुपर्ने अवस्थामा, यस तालिकामा तोकिए बमोजिमको हंग कंग डलर (HKD) अनुरुप रकमको बराबर हुन आउने विदेशी मुद्राको रकम सिटाक हंग कंग मध्यस्थता केन्द्रले लगाउनेछ ।

३. मध्यस्थको शुल्क तथा खर्च

(क) मध्यस्थको शुल्क (विवादित रकममा आधारित)

१. मध्यस्थको शुल्क तालिका

| विवादित रकम | मध्यस्थको शुल्क (प्रति मध्यस्थ, हंग कंग डलर (HKD) मा) | |
|---|---|---|
| (हंग कंग डलर (HKD) मा) | न्युनतम | अधिकतम |
| ५००,००० सम्म | १५,००० | ६०,००० |
| ५००,००१ देखि १,०००,००० | १५,००० + ५००,००० भन्दा माथिको रकमको २.३०% | ६०,००० + ५००,००० भन्दा माथिको रकमको ८.५०% |
| १,०००,००१ देखि ५,०००,००० | २६,५०० + १,०००,००० भन्दा माथिको रकमको ०.८०% | १०२,५०० + १,०००,००० भन्दा माथिको रकमको ४.३% |
| ५,०००,००१ देखि १०,०००,००० | ५८,५०० + ५,०००,००० भन्दा माथिको रकमको ०.६०% | २७४,५०० + ५,०००,००० भन्दा माथिको रकमको २.३०% |
| १०,०००,००१ देखि २०,०००,००० | ८८,५०० + १०,०००,००० भन्दा माथिको रकमको ०.३५% | ३८९,५०० + १०,०००,००० भन्दा माथिको रकमको १.००% |
| २०,०००,००१ देखि ४०,०००,००० | १२३,५०० + २०,०००,००० भन्दा माथिको रकमको ०.२०% | ४८९,५०० + २०,०००,००० भन्दा माथिको रकमको ०.६५% |
| ४०,०००,००१ देखि ८०,०००,००० | १६३,५०० + ४०,०००,००० भन्दा माथिको रकमको ०.०७% | ६१९,५०० + ४०,०००,००० भन्दा माथिको रकमको ०.३५% |
| ८०,०००,००१ देखि २००,०००,००० | १९१,५०० + ८०,०००,००० भन्दा माथिको रकमको ०.०५% | ७५९,५०० + ८०,०००,००० भन्दा माथिको रकमको ०.२५% |
| २००,०००,००१ देखि ४००,०००,००० | २५१,५०० + २००,०००,००० भन्दा माथिको रकमको ०.०३% | १,०५९,५०० + २००,०००,००० भन्दा माथिको रकमको ०.१५% |
| ४००,०००,००१ देखि | ३११,५०० + ४००,०००,००० | १,३५९,५०० + ४००,०००,००० |

| | | |
|---|---|---|
| ६००,०००,००० | भन्दा माथिको रकमको ०.०२% | भन्दा माथिको रकमको ०.१२% |
| ६००,०००,००१ देखि ७५०,०००,००० | ३५१,५०० + ६००,०००,००० भन्दा माथिको रकमको ०.०१% | १,५९९,५०० + ६००,०००,००० भन्दा माथिको रकमको ०.१०% |
| ७५०,०००,००१ भन्दा माथि | ३६६,५०० + ७५०,०००,००० भन्दा माथिको रकमको ०.००८% | १,७४९,५०० + ७५०,०००,००० भन्दा माथिको रकमको ०.०६% |

२. यस अनुसूचीमा अन्यथा तोकिएकोमा बाहेक सिटाकले विवादको परिस्थितिहरुलाई विचार गरी माथिको तालिका बमोजिम मध्यस्थको शुल्क निर्धारण गर्नेछ । मध्यस्थले गरेको मध्यस्थता सम्बन्धी गतिविधिहरुमा लागेका सम्पूर्ण उचित वास्तविक खर्चहरू मध्यस्थको खर्चहरुमा समावेश हुनेछन् ।

३. पक्षहरुबीच लिखित रूपमा सहमति भएकोमा वा असाधारण परिस्थितिहरुमा सिटाकले त्यसरी निर्धारण गरेमा मध्यस्थको शुल्क तालिकामा उल्लेखित सम्बन्धित रकमको अधिकतम सिमाभन्दा बढी हुन सक्नेछ ।

४. पक्षहरूले सिटाक हंग कंग मध्यस्थता केन्द्रमा मध्यस्थको शुल्क तथा सिटाकले निर्धारण गरेको खर्चको अग्रिम भुक्तानी गर्नुपर्नेछ । सिटाक हंग कंग मध्यस्थता केन्द्रको स्वीकृतिको अधीनमा रही पक्षहरूले मध्यस्थको शुल्क तथा खर्चहरु किस्तामा भुक्तानी गर्न सक्नेछन् । मध्यस्थको शुल्क तथा खर्चको भुक्तानीको निमित्त पक्षहरू संयुक्त एवं अलग-अलग रूपमा उत्तरदायी हुनेछन् ।

५. विवादित रकम निर्धारणको निमित्त दाबी तथा प्रतिदाबीलाई जोडिनेछ। विवादित रकम निश्चित गर्न नसकिने अथवा विशेष परिस्थितिहरू विद्यमान रहेको अवस्थामा, विवादको परिस्थितिलाई विचार गरी सिटाकले मध्यस्थको शुल्कको रकम निर्धारण गर्नेछ ।

(ख) मध्यस्थको शुल्क तथा खर्चहरु (प्रति घण्टाको दरमा आधारित)

१. पक्षहरूले मध्यस्थको शुल्क तथा खर्च प्रति घण्टाको दरमा आधारित हुने भनि लिखित सम्झौता गरेकोमा सोही सम्झौता बमोजिम हुनेछ । मध्यस्थतामा लगाइएको सम्पुर्ण मनासिव प्रयासहरूको लागि घण्टाको दरमा आधारित शुल्क पाउने अधिकार मध्यस्थलाई हुनेछ । मध्यस्थको खर्चमा निजको मध्यस्थता सम्बन्धी गतिविधिहरूमा लागेका सम्पुर्ण उचित वास्तविक खर्चहरू समावेश हुनेछन् ।

२. कुनै एक पक्षले आकस्मिक मध्यस्थ प्रक्रियाको लागि निवेदन दिएकोमा, उक्त आकस्मिक मध्यस्थको शुल्क प्रति घण्टाको दरमा आधारित हुनेछ ।

३. प्रत्येक सह-मध्यस्थको प्रति घण्टाको दर, सोही सह-मध्यस्थ तथा निजलाई मनोनयन गर्ने पक्षको सहमतिमा निर्धारण गरिएको दर हुनेछ । एकल मध्यस्थ वा मुख्य मध्यस्थको प्रति घण्टाको दर सोही मध्यस्थ तथा दुवै पक्षहरुको सहमतीमा निर्धारण गरिएको दर हुनेछ । प्रति घण्टाको दरमा सहमती हुन नसकेको वा मध्यस्थलाई सिटाकको अध्यक्षले नियुक्त गरेको अवस्थामा, मध्यस्थको प्रति घण्टाको दर सिटाकले निर्धारण गरेबमोजिम हुनेछ। आकस्मिक मध्यस्थको प्रति घण्टाको दर सिटाकले निर्धारण गर्नेछ ।

४. सहमति गरिएको वा निर्धारण गरिएको प्रति घण्टाको दर मध्यस्थताको लागि अनुरोध पेश गरिएको दिन सिटाक हंग कंग मध्यस्थता केन्द्रको वेबसाइटमा सिटाकले निर्धारण गरेको अधिक्तम दर भन्दा बढी हुने छैन । पक्षहरूद्वारा लिखित रूपमा त्यस्तो सहमति भएमा अथवा सिटाकले असाधारण परिस्थितिहरुमा त्यसरी निर्धारण गरेमा, मध्यस्थको शुल्क तोकिएको अधिकतम दर भन्दा बढी हुन सक्नेछ ।

५. पक्षहरूले सिटाक हंग कंग मध्यस्थता केन्द्रमा मध्यस्थको शुल्क तथा खर्चको अग्रिम भुक्तानी गर्नुपर्नेछ जसको निर्धारण पछि हंग कंग मध्यस्थता केन्द्रले गर्नेछ। मध्यस्थको शुल्क तथा खर्चको भुक्तानीको निमित्त पक्षहरू संयुक्त एवं अलग-अलग रूपमा उत्तरदायी हुनेछन् ।

(ग) विविध

१. बक्यौता रहेको मध्यस्थहरुको शुल्क तथा बाँकी सम्पुर्ण खर्चको भुक्तानी सुरक्षित गर्नका निमित्त मध्यस्थता ट्राइबुनलको निर्णय बमोजिम ट्राइबुनलले गरेको निर्णय उपर सिटाक हंग कंग

मध्यस्थता केन्द्रको लियन रहनेछ। पक्षहरुले संयुक्त रूपमा वा कुनै एक पक्षद्वारा उक्त सम्पुर्ण शुल्क तथा खर्चहरुको पूर्ण भुक्तानी भएपश्चात सिटाक हंग कंग मध्यस्थता केन्द्रले मध्यस्थता ट्राइबुनलको निर्णय बमोजिम मध्यस्थताको निर्णय पक्षहरुलाई उपलब्ध गराउनेछ ।

२. मध्यस्थको शुल्क तथा खर्चहरु हंग कंग डलर (HKD) बाहेकको अन्य विदेशी मुद्रामा लगाउनुपर्ने अवस्थामा, यस अनुसूचीमा तोकिए बमोजिमको हंग कंग डलर (HKD) अनुरुपको रकम बराबर हुन आउने विदेशी मुद्राको रकम सिटाक हंग कंग मध्यस्थता केन्द्रले लगाउनेछ ।

**परिशिष्ट ३**

**चीन अन्तराष्ट्रिय आर्थिक तथा व्यापारिक मध्यस्थता आयोग**

**आकस्मिक मध्यस्थ कार्यविधि**

धारा १ आकस्मिक मध्यस्थ कार्यविधिको लागि निवेदन दिनुपर्ने

१. आकस्मिक उपचार चाहने पक्षले लागु हुने कानुन वा पक्षहरुको सम्झौतामा आधारित रही आकस्मिक मध्यस्थ कार्यविधिको लागि निवेदन दिन सक्नेछ।

२. आकस्मिक मध्यस्थ कार्यविधिको लागी निवेदन दिने पक्ष ("निवेदक") ले मध्यस्थता ट्राइबुनल गठन हुनु अगावै आकस्मिक मध्यस्थ कार्यविधिको लागि निवेदन दिँदा मध्यस्थता अदालतमा वा विवाद व्यवस्थापन गर्ने सिटाकको सम्बन्धित उप-आयोग/मध्यस्थता केन्द्रको मध्यस्थता अदालत समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

३. आकस्मिक मध्यस्थ कार्यविधिको लागि दिइने निवेदनमा निम्न विवरणहरु समावेश हुनुपर्नेछः

(क) निवेदनमा संलग्न पक्षहरुको नाम र अन्य आधारभूत जानकारीहरु;

(ख) निवेदन दिनुपर्ने कारण उत्पन्न गर्ने मुल विवादको विवरण र आकस्मिक उपचार आवश्यक भएका कारणहरु;

(ग) माग गरिएको आकस्मिक उपचारको विवरण तथा निवेदकले आकस्मिक उपचार पाउने अधिकार भएको पुष्टी गर्ने कारण;

(घ) आकस्मिक उपचारको लागि निवेदन दिँदा चाहिने अन्य आवश्यक जानकारी; तथा

(ङ) आकस्मिक मध्यस्थ कार्यविधिको लागु हुने कानुन र भाषा बारेमा धारणा ।

निवेदन दिँदा निवेदनले आधार लिएको सम्बन्धित लिखित तथा अन्य प्रमाणहरु लगायत मध्यस्थता सम्झौता तथा विवाद उत्पन्न गराउने अन्य कुनै सम्झौता तर यतिमा मात्र सिमित नहुने गरी मुल विवाद उत्पन्न भएका सम्बन्धित कगजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछ ।

निवेदन, प्रमाण तथा अन्य कागजातहरु पेश गर्दा तीन-तीन प्रतिलिपि पेश गर्नुपर्नेछ । पक्षहरुको संख्या धैरै भएको अवस्थामा, सोही अनुसार अरु थप प्रतिलिपिहरू पेश गर्नुपर्नेछ ।

४. निवेदकले आकस्मिक मध्यस्थ कार्यविधिको लागि लाग्ने खर्चको अग्रिम भुक्तानी गर्नुपर्नेछ ।

५. पक्षहरुबीच मध्यस्थताको लागि प्रयोग हुने भाषामा सहमति भएकोमा सोही भाषा नै आकस्मिक मध्यस्थ कार्यविधिमा प्रयोग हुने भाषा हुनेछ। तर त्यस्तो सहमती नभएको अवस्थामा, कार्यविधिमा प्रयोग हुने भाषा मध्यस्थता अदालतले निर्धारण गर्नुपर्नेछ ।

धारा २ निवेदन स्वीकार गर्ने तथा आकस्मिक मध्यस्थको नियुक्ति

१. निवेदकले निवेदनमा लिएको आधार, मध्यस्थता सम्झौता तथा निवेदकले पेश गरेका सम्बन्धित प्रमाणहरुको प्रारम्भिक मुल्यांकन गरेपछि, मध्यस्थता अदालतले आकस्मिक मध्यस्थ कार्यविधि लागु हुने, नहुने विषयमा निर्णय गर्नुपर्नेछ । मध्यस्थता अदालतले आकस्मिक मध्यस्थ कार्यविधि लागु हुने भनी निर्णय गरेमा, मध्यस्थता अदालतको अध्यक्षले निवेदन तथा आकस्मिक मध्यस्थ कार्यविधिको खर्चको अग्रिम भुक्तानी दुवै प्राप्त गरेको एक (१) दिन भित्र आकस्मिक मध्यस्थको नियुक्ती गर्नुपर्नेछ।

२. मध्यस्थता अदालतको अध्यक्षले आकस्मिक मध्यस्थको नियुक्ति गरेपश्चात, मध्यस्थता अदालतले यथाशीघ्र स्वीकार गरिएको सुचना तथा निवेदकको निवेदनको फाइल नियुक्त गरिएको आकस्मिक मध्यस्थलाई एवं जुन पक्ष विरुद्ध आकस्मिक उपचार माग गरीएको हो सो पक्षलाई पठाउनु पर्नेछ र यसरी पठाउँदा स्वीकार गरिएको सूचनाको प्रतिलिपि मध्यस्थताको हरेक अन्य पक्षहरुलाई तथा सिटाकको अध्यक्षलाई समेतलाई बोधार्थ दिनुपर्नेछ ।

धारा ३ आकस्मिक मध्यस्थले खुलाउनु पर्ने कुरा तथा निज उपर चुनौती

१. आकस्मिक मध्यस्थले कुनै पक्षको प्रतिनिधित्व गर्नुहुँदैन, र पक्षहरुबाट स्वतन्त्र रही र निजहरुलाई समान रुपमा व्यवहार गर्नुपर्नेछ ।

२. नियुक्ति स्वीकार गरेपछि, आकस्मिक मध्यस्थले घोषणापत्रमा सहिछाप गर्नुपर्नेछ र निजको निष्पक्षता वा स्वतन्त्रतामा मनासिव शंका उत्पन्न गर्ने सम्भावना भएको कुनै पनि तथ्यहरु वा परिस्थितिहरू भएमा सो कुरा मध्यस्थता अदालत समक्ष खुलाउनु पर्नेछ । आकस्मिक मध्यस्थ कार्यविधिको दौरानमा खुलाउनु पर्ने कुनै परिस्थिति उत्पन्न भएमा, आकस्मिक मध्यस्थले यथाशीघ्र त्यस्तो परिस्थिति लिखित रुपमा खुलाउनु पर्नेछ ।

३. आकस्मिक मध्यस्थको घोषणापत्र र/वा कुनै कुरा खुलाएको भएमा सोको जानकारी मध्यस्थता अदालतले पक्षहरुलाई दिनुपर्नेछ ।

४. आकस्मिक मध्यस्थको घोषणापत्र र/वा निजले लिखित रुपमा खुलाएको जानकारी पाएपश्चात, आकस्मिक मध्यस्थले खुलाएको तथ्यहरु वा परिस्थितिहरुको आधारमा उक्त मध्यस्थलाई चुनौती दिन चाहाने पक्षले त्यस्तो जानकारी प्राप्त गरेको दुई (२) दिनभित्र त्यस्ता चुनौती लिखित रुपमा पेश गर्नु पर्नेछ। कुनै पक्षले माथि उल्लेखित समयवधि भित्र यस्तो चुनौती पेश नगरेमा, सो पक्षले पछि आकस्मिक मध्यस्थले खुलाएको उक्त कुराहरुको आधारमा आकस्मिक मध्यस्थलाई चुनौती दिन सक्नेछैन ।

५. नियुक्त भएको आकस्मिक मध्यस्थको निष्पक्षता वा स्वतन्त्रताको बारेमा मनासिव शङ्का गर्ने आधार भएको कुनै पक्षले उक्त आकस्मिक मध्यस्थको नियुक्ती उपर लिखित रुपमा चुनौती दिन सक्नेछ र यसरी चुनौती दिँदा त्यस्तो चुनौतीका लागि आधार लिएको तथ्य तथा कारणलाई समर्थन गर्ने प्रमाण सहित उल्लेख गर्नुपर्नेछ ।

६. कुनै पक्षले स्वीकार गरिएको सुचना प्राप्त गरेको मितिले दुई (२) दिनभित्र आकस्मिक मध्यस्थको नियुक्ती उपर लिखित रुपमा चुनौती दिन सक्नेछ। कुनै पक्षले आफुलाई प्राप्त भएपछी चुनौती दिनुपर्ने कुनै कारण थाहा पाएकोमा सो पक्षले उक्त कारण थाहा भएको दुई (२) दिनभित्र आकस्मिक मध्यस्थको नियुक्ति उपर लिखित रुपमा चुनौती दिन सक्नेछ तर त्यसरी चुनौती दिँदा मध्यस्थता ट्राइबुनल गठन हुनु अगावै दिनुपर्नेछ ।

७. आकस्मिक मध्यस्थ उपरको चुनौतीको विषयमा मध्यस्थता अदालतको अध्यक्षले अन्तिम निर्णय गर्नेछ। चुनौती स्वीकार गरिएमा मध्यस्थता अदालतको अध्यक्षले चुनौती स्वीकृत गर्ने गरी निर्णय भएमा सोको एक (१) दिन भित्र आकस्मिक मध्यस्थको पुन: नियुक्ति गर्नुपर्नेछ, र सो निर्णयको प्रतिलिपि सिटाकको अध्यक्षलाई दिनुपर्नेछ। नियुक्ती उपर चुनौती दिइएको आकस्मिक मध्यस्थले उक्त चुनौतीको बारेमा अन्तिम निर्णय नभएसम्म आफ्नो कामहरु जारी राख्नुपर्नेछ ।

खुलाउनुपर्ने कुराहरु तथा चुनौती दिने कारबाहीसम्बन्धी व्यवस्थाहरु पुन:नियुक्त भएको आकस्मिक मध्यस्थलाई समेत समान रूपमा लागू हुनेछन् ।

८. पक्षहरुबीच अन्यथा सहमती भएकोमा बाहेक आकस्मिक मध्यस्थले मुल विवादसँग सम्बन्धित अरु कुनै मध्यस्थतामा मध्यस्थता ट्राइबुनलको सदस्यको रुपमा कार्य गर्ने गरी हुने मनोनयन वा नियुक्तिलाई स्वीकार गर्नुहुँदैन ।

धारा ४ आकस्मिक मध्यस्थ कारवाहीको स्थान

पक्षहरुबीच अन्यथा सहमती भएकोमा बाहेक आकस्मिक मध्यस्थको कारवाही हुने स्थान मध्यस्थता नियमहरुको धारा ७ बमोजिम निर्धारण गरिएको मध्यस्थताको स्थान हुनेछ ।

धारा ५ आकस्मिक मध्यस्थको कारवाही

१. आकस्मिक मध्यस्थले आकस्मिक मध्यस्थ कारवाहीको लागि यथाशिघ्र, सकभर निजले नियुक्ती स्वीकार गरेको मितिले २ (दुई) दिन भित्र, कार्यविधिगत समय तालिका बनाउनुपर्नेछ । आकस्मिक उपचारको प्रकृति तथा आवश्यकतालाई विचार गरी, आकस्मिक मध्यस्थले निजले उपयुक्त ठानेको ढंगले कारबाही सञ्चालन गर्नुपर्नेछ, र प्रत्येक पक्षलाई आफ्नो मुद्दा प्रस्तुत गर्ने उचित अवसर दिइएको कुरा सुनिश्चित गर्नुपर्नेछ।

२. आकस्मिक मध्यस्थले आकस्मिक उपचारको पूर्व शर्तको रूपमा आकस्मिक उपचार माग गर्ने पक्षबाट उपयुक्त सुरक्षणको व्यवस्था गराउन आदेश दिन सक्नेछ ।

३. मध्यस्थता ट्राइबुनल गठन भएको मितिदेखि आकस्मिक मध्यस्थको अधिकार तथा आकस्मिक मध्यस्थ कारबाही अन्त्य हुनेछन् ।

४. लागु हुने कानुन बमोजिम सक्षम अदालतबाट अन्तरिम उपचारहरू माग गर्ने पक्षहरुको अधिकारलाई आकस्मिक मध्यस्थ कारवाहीले असर गर्नेछैन।

धारा ६ आकस्मिक मध्यस्थको निर्णय

१. आकस्मिक मध्यस्थलाई आवश्यक आकस्मिक उपचारको आदेश दिने वा निर्णय गर्ने अधिकार हुनेछ, र निजले सो निर्णयको वैधाता सुनिश्चित गर्न हरेक उचित प्रयास अवलम्वन गर्नुपर्नेछ ।

२. आकस्मिक मध्यस्थले निजले आफ्नो नियुक्ती स्वीकार गरेको मितिबाट पन्ध्र (१५) दिनभित्र निर्णय गर्नुपर्नेछ। मध्यस्थता अदालतको अध्यक्षले उचित ठानेमा मात्रै आकस्मिक मध्यस्थको अनुरोधमा मध्यस्थता अदालतको अध्यक्षले उक्त समयावधि बढाउन सक्नेछ ।

३. आकस्मिक मध्यस्थको निर्णयमा आकस्मिक उपायहरु लिनुको कारणहरू उल्लेख गरी, उक्त आकस्मिक मध्यस्थको हस्ताक्षर हुनुका साथै मध्यस्थता अदालत वा सम्बन्धित उप-आयोग/मध्यस्थता केन्द्रको मध्यस्थता अदालतको छाप लगाएको हुनुपर्नेछ ।

४. आकस्मिक मध्यस्थको निर्णय दुवै पक्षलाई बाध्यकारी हुनेछ। उक्त निर्णय कार्यान्वयन गर्ने राज्य वा क्षेत्रको सम्बन्धित कानूनी व्यवस्थाहरू बमोजिम सक्षम अदालतबाट कुनै पक्षले निर्णयको कार्यान्वयन गराउन सक्नेछ। कुनै पक्षको तर्कसंगत अनुरोधमा आकस्मिक मध्यस्थ वा गठन हुने मध्यस्थता ट्राइबुनलले उक्त निर्णय परिमार्जन, निलम्बन वा खारेज गर्न सक्नेछ ।

५. आकस्मिक उपचारहरुको आवश्यकता नहुने वा विभिन्न कारणले गर्दा सो उपायहरु अबलम्बन गर्न नसकिने परिस्थिति विद्‌यमान रहेको कुरा आकस्मिक मध्यस्थलाई लागेमा, त्यस्तो मध्यस्थले निवेदकको निवेदन खारेज गर्न तथा आकस्मिक मध्यस्थता कारबाही अन्त्य गर्ने निर्णय लिनसक्नेछ।

६. देहायको अवस्थामा आकस्मिक मध्यस्थको निर्णय बाध्यकारी रहिरहने छैन:

(क) आकस्मिक मध्यस्थ वा मध्यस्थता ट्राइबुनलले आकस्मिक मध्यस्थको निर्णयलाई खारेज गरेमा;

(ख) मध्यस्थता अदालतको अध्यक्षले आकस्मिक मध्यस्थ उपरको चुनौती स्वीकार गर्ने निर्णय गरेमा;

(ग) मध्यस्थता ट्राइबुनलले आकस्मिक मध्यस्थको निर्णय निरन्तर प्रभावकारी रहिरहने भनी निर्णय गरेमा बाहेक, मध्यस्थ ट्राइबुनलबाट अन्तिम निर्णय भएकोमा;

(घ) अन्तिम निर्णय गर्नु अगावै निवेदकले सम्पुर्ण दाबीहरू फिर्ता लिएकोमा;

(ङ) आकस्मिक मध्यस्थद्वारा निर्णय भएको मितिले नब्बे (९०) दिनभित्र मध्यस्थता ट्राइबुनल गठन नभएमा । पक्षहरुको सहमतिमा वा मध्यस्थता अदालतले उपयुक्त ठानेको अवस्थामा सो समयावधी थप गर्न सकिनेछ; वा

(च) मध्यस्थता ट्राइबुनलको गठन पश्चात मध्यस्थता कारवाही लगातार साठी (६०) दिनसम्म स्थगित भएमा ।

धारा ७ आकस्मिक मध्यस्थको कारवाही खर्च

१. निवेदकले आकस्मिक मध्यस्थको कारवाहीको खर्च स्वरुप चिनिया युआन (RMB) ३०,००० रकम अग्रिम भुक्तानी गर्नु पर्नेछ, उक्त रकममा आकस्मिक मध्यस्थको पारिश्रमिक तथा सिटाकको प्रशासनिक शुल्क समेत समावेश हुनेछ । मध्यस्थता अदालतले निवेदकलाई अन्य कुनै पनि थप तथा उचित वास्तविक खर्च भुक्तानी गर्न लगाउन सक्नेछ ।

आकस्मिक उपचारको लागि सिटाक हंग कंङ मध्यस्थता केन्द्रमा निवेदन गर्ने पक्षले सिटाकको मध्यस्थता शुल्क सम्बन्धी अनुसूची ३ (परिशिष्ट २) बमोजिम आकस्मिक मध्यस्थ कारवाहीको खर्च अग्रिम भुक्तानी गर्नु पर्नेछ।

२. कुनै पक्षको अनुरोधमा अन्तिम निर्णयमा खर्चको बाँडफाँड गर्ने मध्यस्थता ट्राइबुनलको अधिकारको अधीनमा रही आकस्मिक मध्यस्थले आफ्नो निर्णयमा आकस्मिक मध्यस्थ कारवाहीको खर्चहरु पक्षहरूले के कुन अनुपातमा व्यहोर्ने भनी निर्धारण गर्नेछ।

३. आकस्मिक मध्यस्थले निर्णय गर्नु अगावै आकस्मिक मध्यस्थ कारवाही अन्त्य भएमा मध्यस्थता अदालतले सो कारवाहीको फिर्ता हुने खर्च रकम निर्धारण गर्नसक्नेछ ।

धारा ८ विविध

आकस्मिक मध्यस्थ प्रक्रियाका नियमहरुको व्याख्या सिटाकद्वारा गरिनेछ ।

Translation by:

i. Sachin Kumar Lohani, Associate

ii. Ashwin Kumar KC, Associate

Pioneer Law Associates, Kathmandu, Nepal

iii. Prakritee Yonzon, The University of Hong Kong